लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १४, अंक ९, २०७७ असोज २ गते शुक्रबार (Sep. 18, 2020) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## काँग्रेस प्रशिक्षणमा जुट्यो

काठमाडौं/ नेपाली काँग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले महाधिवेशन प्रतिनिधिहरुलाई प्रशिक्षण दिन थालेको छ । यस क्रममा प्रदेश १ र २ मा प्रशिक्षण दिइएको काँग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । अहिलेको कोरोना भाइरसको सन्त्रासका कारण भर्चुअल माध्यमद्वारा प्रशिक्षण कार्यक्रमहरू भइरहेको विज्ञप्तीमा जनाइएको छ ।



यस क्रममा भदौं २९ गते प्रदेश १ का ताप्लेजुङ, पाँचथर, इलाम र झापा तथा ३० गते प्रदेश २ का बारा, पर्सा, रौतहट तथा ३१ गते सिरहा र सप्तरीका सदस्यहरूलाई प्रशिक्षण दिइएको उल्लेख छ । भर्चुअल प्रशिक्षणको प्रमुख आतिथि रहेका काँग्रेस उपसभापति तथा

(बाँकी अन्तिम पृष्ठमा)

# वामदेव जनमतको खिल्ली उडाउँदै

काठमाडौं/ संघीय निर्वाचनमा प्रत्यक्ष रुपमा जनताबाट पराजित भएका वामदेव गौतमलाई राष्ट्रियसभाको भए पनि सांसद बनाइएको अवस्थामा जनमतको विषयलाई लिएर पुनः बहसको प्रारम्भ हुन थालेको छ। बर्दियाबाट प्रत्यक्ष चुनावमा पराजित भएका गौतमलाई राष्ट्रियसभाको सदस्यका रुपमा हिजो विहीबार पद तथा गोपनीयताको शपथ खुवाइएपछि जनमतको दोहोलो काढिएको भनी लोकतान्त्रिक व्यवस्थाकै नाक काट्ने कार्य भएको भनी बौद्धिक वर्गमा यो विषयले चर्चा पाएको छ ।



राष्ट्रियसभामा राष्ट्रपतिका तर्फबाट नियुक्त गर्न पाइने एक स्थान रिक्त रहेको अवस्थामा निवर्तमान अर्थमन्त्री युवराज खतिवडालाई नियुक्ति गर्ने तयारीमा रहेका प्रधानमन्त्री खड्गप्रसाद ओलीलाई दबाब दिनका लागि उनकै दलले गौतमलाई अघि सारिदिएपछि ओली पनि गौतमलाई सिफारिस गर्न बाध्य भएका थिए । संददीय व्यवस्थाको खिल्ली उडाउँदै गौतमलाई हिजो शपक्ष खुवाउने कार्यक्रम चलिरहँदा बौद्धिक जगत भने लोकतान्त्रिक व्यवस्थालाई मजाक बनाइएको भनी खिन्न अवस्थामा देखिएका थिए । गौतम भने जनमतको बेवास्ता गर्दै सांसदको लोगो लगाउन मस्त थिए भने गौतमलाई खुशी पार्न सकेको खण्डमा आफ्नो गुटको पल्लाभारी पार्न सकिने भन्ने आशामा

(बाँकी अन्तिम पृष्ठमा)

## देउवा पनि आइसोलेसनमा

काठमाडौं/ नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा आइसोलेसनमा बसेका छन् । आफ्नो निजी सचिवालयमा कार्यरत एक व्यक्तिमा बुधवार कोरोना पुष्टी भएसँगै देउवा आइसोलेसनमा बसेको जानकारी दिइएको छ ।

तीे संक्रमित व्यक्ति पनि देउवाकै निवासमा होम आइसोलेसनमै रहेका बताइएको छ । उनको परीक्षणका क्रममा कोरोना पोजेटिभ देखिए पनि उनमा पनि कुनै लक्षण नदेखिएको बताइएको छ । संक्रमितको कन्ट्याक्ट ट्रेसिङमा परेका सचिवालयमा कार्यरत अन्य चार जनाको रिपोर्ट भने नेगेटिभ आएको बताइएको छ । देउवाको शुक्रबार स्वाब परीक्षण हुने बताइएको छ । देउवा आइसोलेसनमा बसेसँगै सवैधानिक निकाय र विश्वविद्यालयमा रिक्त रहेका पदमा नियुक्तिका बारेमा बिहीबारका



लागि तय भएको सत्तारुढ र प्रमुख प्रतिपक्ष दलबीचको छलफल पनि स्थगित भएको थियो ।

## महामन्त्री कोइराला अस्पतालमा

काठमाडौं/ नेपाली काँग्रेसका महामन्त्री शशांक कोइराला कोरोनाका कारण अस्पतालमा भर्ना भएका छन् । भदौ २३ गते कोरोना संक्रमण पुष्टि भएर होम आइसोलसनमा बसेका



कोइरालालाई माइल्ड निमोनिया र ज्वरो देखिएपछि काठमाडौंको ओम अस्पतालमा भर्ना गरिएको हो ।

कोइरालालाई निमोनियाको शंका लागेपछि मंगलबार साँझ अस्पतालमा भर्ना गराइएको हो । उनमा हल्का ज्वरो र रुघाखोकी देखिए पनि स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ । काँग्रेसको आसन्न महाधिवेशनमा सभापति पदमा प्रत्यासी बन्ने तयारी गरिरहेका कोइरालामा कोरोनाको संक्रमण पाइएपछि काँग्रेसको आन्तरिक राजनीतिमा समेत त्यसले असर पारेको छ । काँग्रेस सभापति शेरबहादुर देउवाको इतर समूहबाट कोइरालालाई मुख्य प्रतिस्पर्धी ठानिएको अवस्थामा उनी अस्पताल भर्ना भएपछि काँग्रेसको आन्तरिक राजनीतिमा नै त्यसले असर पारेको हो ।

# अख्तियार हाँक्न दौडधूप

भक्तपुर/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्त बन्नका लागि दौडधूप शुरु



भएको छ । विभिन्न दल निकट तथा स्वतन्त्र भनिएका व्यक्तिहरु अहिले अख्तियारको आयुक्त हुनका लागि नेताहरुको घरदैलो गर्न थालेको पाइएको छ ।

प्रमुख आयुक्त नवीन घिमिरेको पदावधि समाप्त भएका कारण प्रमुख आयुक्त पद हत्याउनका लागि मुख्य रुपमा दौडधूप भएको हो । यसैगरी आयोगमा आयुक्तका तीन पद खाली भएकाले पनि सकेसम्म दलहरुका तर्फबाट मिलाएर भाष्पण्डा गर्ने अवस्था रहेको भनी चर्चा चल्ने गरेको छ । प्रधानमन्त्री खड्गप्रसाद ओली अर्का अध्यक्ष पुष्पकमल दाहाल र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले आयुक्तहरुको नियुक्तिका लागि भागवण्डा खोजेका कारण उनीहरुको नियुक्तिका लागि कुरा मिल्न नसकेको हो । ओलीले काँग्रेसलाई एक आयुक्त पद दिने आश्वासन दिएको भनी चर्चा चलेका कारण सो पदमा पुग्नका लागि देउवाको फेरो समाउन केही व्यक्तिहरु लागिपरेका छन् ।

ओलीले पूर्वगृहसचिव प्रेमकुमार राईलाई लान चाहेको अवस्थामा ओलीभक्तका रुपमा रहेका उनलाई ओलीले कुनै पनि बेला आफ्ना विरुद्धमा

(बाँकी अन्तिम पृष्ठमा)

## डिआइजीमा पनि होडबाजी

काठमाडौं/ नेपाल प्रहरीमा नायब प्रहरी महानिरीक्षक (डीआइजी) को पाँच दरबन्दी थप्ने प्रस्ताव मन्त्रिपरिषदमा पुगेपछि त्यस पदमा पुग्नका लागि पनि होडबाजी हुन थालेको छ ।

पाँच दरबन्दी थपिएपछि डीआईजीका आठ दरबन्दी रिक्त हुने भएकाले दुई दर्जन एसएसपीहरू बढुवाका लागि प्रतिस्पर्धामा उत्रिएका हुन् । दिलीप चौधरी, पुरुषोत्तम कँडेल, गणेश ऐर, राजेशलाल कर्ण, रामकृपाल शाह, उमेश रञ्जितकार, प्रकाश अधिकारी, शेखर कोइराला, किशोर दाहाल, प्रदीप श्रेष्ठ, शौरभ राणालाई अहिले दाबेदारका रुपमा हेरिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## जाजरकोट नेकपामा पहिरो

जाजरकोट/ जाजरकोट जिल्लाको भेरी नगरपालिकाको वडा नम्बर ५ मा सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) मा पहिरो गएको छ । सो वडाका एकजना वडा सदस्य सहित नेकपाका कार्यकर्ताहरु नेपाली काँग्रेसमा प्रवेश गरेपछि सो ठाउँमा नेकपामा हलचल मच्चिएको छ ।

यसरी काँग्रेस प्रवेश गर्ने वडा सदस्यमा मोतीलाल बस्नेत रहेका छन् । यसैगरी युवा संघका विवेक रोकाय लगायतका करिब १५ जना सक्रिय कार्यकर्ताहरु पनि काँग्रेस प्रवेश गरेका हुन् । काँग्रेसका नेता वेदराज सिंह, मुक्ति आचार्य, खडक विसी लगायतका जिल्लास्तरका नेताले नवप्रवेशीहरुलाई स्वागत गर्दै दलको सदस्यता प्रदान गरेका थिए ।

कम्युनिष्टहरुले खोक्रो आदर्शका

(बाँकी अन्तिम पृष्ठमा)

## कक्षा १२ परीक्षाको तयारी यस्तो

काठमाडौँ/ कक्षा १२ को परीक्षा कूल पूर्णाङ्कको ४० नम्बरका लागि अनलाइन प्रणालीबाट हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले कोरोना महामारीको जोखिम बढ्दो स्थितिमा प्रत्यक्षरुपमा देशभर परीक्षा लिनसक्ने स्थिति नभएको निष्कर्ष निकाली कूल १०० पूर्णाङ्कमध्ये ४० नम्बरको अनलाइन परीक्षाबाट लिने व्यवस्था मिलाउने भएको हो ।

यसैगरी २० नम्बरको प्रयोगात्मक र कक्षा ११ को कूल प्राप्ताङ्कलाई बाँकी ४० नम्बरमा गणना गरी परीक्षा सम्पन्न गर्न सरकारलाई सिफारिस गरेपछि कक्षा १२ का लागि नयाँ व्यवस्थाको परीक्षा हुने देखिएको छ । यो मिश्रित ढाँचाको परीक्षाबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पठाई स्वीकृत गराएपछिमात्र निर्णय कार्यान्वयनमा आउने बताइएको छ। अनलाइनमा पहुँच नहुनेले सूचना प्रविधिका अन्य माध्यमलाई पनि प्रयोग गर्न सक्ने गरी

(बाँकी अन्तिम पृष्ठमा)

## अनलाइन कक्षाको शुल्कमा समस्या

काठमाडौं/ विद्यार्थी संगठनहरूले निजी विद्यालय र क्याम्पसहरूले अनलाइन कक्षाको नाममा चर्को शुल्क असुल गरिरहेका भन्दै त्यसको विरोध गरेका छन् । सत्तारुढ र विपक्षी दल निकट विद्यार्थी संगठनहरुले त्यसरी शुल्क असुल गर्नेहरुलाई कारबाही गर्नुपर्ने माग पनि गरेका छन् ।

अखिल क्रान्तिकारीको आयोजना गरी सबै दल निकटका विद्यार्थी संगठनहरुको बैठक मंगलबार बसाएर त्यसको विरोध गरेको हो । कक्षा १२ र विश्वविद्यालय तहका नियमित तथा रोकिएका परीक्षा सञ्चालनको ठोस मापदण्ड, योजना बनाई परीक्षा सञ्चालन गर्न पनि विद्यार्थी संगठनहरूले माग गरेका छन् । 'कोरोनाले अलपत्र परेका विद्यार्थी, गरिव तथा विपन्न मजुरको कोठाभाडा र राहत प्याकेज घोषणा गर्न, निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तलबको व्यवस्था गर्न सरकारसँग माग गर्दछौं', भनी ती विद्यार्थी संगठनहरुद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

उक्त बैठकमा अनेरास्ववियूका संयोजक ऐन महर, नेविसंघका अध्यक्ष राजीव ढुंगाना, अखिल क्रानितकारीका

(बाँकी अन्तिम पृष्ठमा)

## मोदीलाई ओलीको शुभकामना

काठमाडौं/ नेपाली भूमि भारतीय पक्षले मिच्दै आएको भनी मिचिएको भूमिलाई समेटेर नेपाल सरकारले नयाँ नक्सा जारी गरेपछि नेपाल भारतको सम्बन्धमा तीक्तता आएको यो बेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपालका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले शुभकामना दिएका छन् । यसरी सीमा मिच्ने देशका प्रधानमन्त्रीलाई सीमा मिचेको उपलक्षमा नभई उनको जन्मदिनको शुभकामना दिने कार्य ओलीबाट भएको हो ।

हिजो विहीबार ७० वर्षमा लागेका मोदीलाई ओलीले शुभकामना दिएका थिए । सेप्टेम्बर १७ तारिख सन् १९५० मा जन्मिएका मोदीको ७० औं जन्मोत्सवका अवसरमा ओलीले बधाई तथा शुभकामना दिएका बताइएको छ । ओलीले अहिलेको प्राविधिक युगको उपयोग गर्दै सामाजिक संजाल ट्वीटरमार्फत मोदीलाई शुभकामना दिएका हुन् । ओलीले दुई देशबीचको सम्बन्ध थप मजबुद बनाउन सँगसँगै

(बाँकी अन्तिम पृष्ठमा)

## नेटवर्किङ व्यवसाय फेरि जरा गाड्दै

काठमाडौं/ नेटवर्किङ व्यवसायलाई केही सर्तसहित वैधता दिलाउने तयारीमा सरोकारवालाहरु लागेका छन् । नेपालमा नेटवर्किङसँग सम्बन्धित व्यवसायले जनताको रकम ठगी गरेको पाइएकाले त्यस्ता व्यवसायीहरुलाई कानूनी कारबाहीको प्रक्रिया चलिरहेको अवस्थामा यस्ता खाले व्यवसायलाई के कसरी कानूनसम्मत रुपमा ल्याउन सकिन्छ भनी त्यसको लागि तयारी थालिएको छ । नेटवर्किङसँग सम्बन्धित व्यवसायसम्बन्धी प्रतिवेदनमाथिको छलफल गर्न बोलाइएको संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठक भने गणपूरक संख्या (कोरम) नपुगेको भनी बुधबार स्थगित गरिएको छ ।

समितिका सभापति विमल श्रीवास्तवका अनुसार समितिमा २१ जना सदस्य रहेकाले कोरमका लागि ५१ प्रतिशत अर्थात कम्तीमा ११ जना चाहिने भएकाले उक्त संख्या नपुगेकाले वैठक स्थगित गरिएको हो ।

पहिले नेटवर्किङ बिजनेस भनी कुख्याति कमाएको यो व्यवसायलाई अहिले आएर भने बस्तुको प्रत्यक्ष बिक्रीको नाममा सुनपानी छर्किने प्रयास

(बाँकी अन्तिम पृष्ठमा)

## डलर साट्ने भन्दै ठगी

भक्तपुर/ भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका वडा नं.२ मनहरा, दिव्यश्वरी प्लानिङबाट डलर साट्ने भन्दै पाँच लाख रुपियाँ हिजो ठगी भएको छ । काठमाडौं तारकेश्वर नगरपालिका-७ फुटुङ बस्ने २८ वर्षीय पुरुषलाई सोमबारदेखि हामी चिनजानको साथी हौं' भन्दै अपरिचितले फोन गरेर डलर साट्न बोलाई ठगी गरेको बताइएको छ । उक्त रकम लिई कपडाको टुक्रामा सेतो धर्के कागज पोको पारी दिएर

(बाँकी अन्तिम पृष्ठमा)

# काँग्रेसमा युवा नेतृत्वको संभावना कति ?

आगामी फाल्गुणमा हुने भनिएको नेपाली काँग्रेसको महाधिवेशनले देश भित्र राजनैतिक हलचल शुरु त गरेको छ नै प्रवासमा पनि यसले राम्रै तरंग ल्याइरहेको छ । महाधिवेशनको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको देशमा सकृय कृयाशील सदस्यता नवीकरण, छानविन र वितरण गर्ने कार्य हो । प्रवासमा रहेका पार्टीका भातृ संस्थाहरुलाई पनि पारदर्शी तरिकाले यस्मा सहभागि बनाउनु पर्ने छ्ायस्को लागि जति सक चा'डो भातृ संगठनहरुको अधिबेशन गराई सक्नु पर्ने हुन्छ।देश भित्रै कैयन मुद्दाहरु पार्टीले किनारा लगाउन बाँकि नै छ। छोटो समयमा ती थन्किएर कुनामा फालिएका बल्झाउने बिषयहरुको छिनोफानो लगाउन नसके त्यसले पार्ने नकारात्मक असर महाधिवेशनमा बाधकको रुपमा देखिने छन् ।



प्रसङ्गवश

शेखर कँडेल

पार्टीको विधान अनुसार महाधिवेशन आउने फाल्गुण भित्र गराई सक्नु पर्ने छ । नत्र वैधानिक संकटको सामना गर्न पनि पर्ने हुन्छ। कृयाशील सदस्यता वितरण गर्ने कार्य अहिलेसम्म भैसक्नु पर्ने हो तर नियतबस होस् या नियति नै पक्षमा नभएर होस् त्यस्तो हुन सकेको छैन । महाधिवेशनको संघारमै आइपुग्दा केन्द्रले भटाभट नयाँ नयाँ विभागहरुको गठन गर्दै पदाधिकारी तोक्नुले पार्टीपंतिमा शंका मात्र पैदा भएको छैन कि डर पनि ब्याप्त भएको कुराहरु स्वयम् केन्द्रीय नेताहरुले गुनासो, दुखेसो गर्दै आएका छन् । यस्ता खाले नयाँ

(बाँकी अन्तिम पृष्ठमा)

# बीपीलाई लत्याएर काँग्रेस समाजवादी पार्टी बन्न सक्छ ?

'मेरो सक्रिय राजनीतिक जीवनको मुख्य उद्देश्य भनेको सम्पूर्ण नेपाली जनताहरुको आर्थिकस्तर मेरो सरह बनाउनु हो, यो बाहेक राजनीतिमा मेरो अन्य कुनैपनि स्वार्थ छैन' भन्ने बीपी कोइराला नेपाली राजनीति र साहित्य क्षेत्रमा कुनै नौलो नाम होईन । बीपी कोइराला नेपालको प्रजातान्त्रिक तथा समाजवादी आन्दोलनका एक विशिष्ट धरोहर हुन् । नेपालमा प्रजातान्त्रिक चेतनाको विजारोपण, त्यसको बिस्तार र प्रजातान्त्रिक समाजको आधारशीला निर्माणमा उनले महत्वपूर्ण भूमिका खेलेका छन् । त्यस्तै बीपी कोइरालाले समाजवाद र त्यसले समाजमा पुऱ्याएको योगदानका बारेमा गहिरो अध्ययन गरेका थिए भने समाजवादलाई सैद्धान्तिक र वैचारिक तवरबाट मात्र नभई समाजवादीहरुका बीचमा एकता कायम गरेर यसलाई सामुहिक र सांगठनिक रुपमा अघि बढाउन उनको ठूलो योगदान थियो ।

त्यसैले नेपालमा मात्रै नभई विदेशमा समेत राजनीतिक गुरुको उपमा पाएका बीपीलाई अधिकांश वामपन्थी नेताहरुले प्रेरणाको स्रोतका रुपमा अहिलेपनि व्याख्या गर्ने तथा सम्झने गर्दछन् । बीपी कोइरालालाई उनका धेरैजसो अनुयायीहरुले महामानवको विशेषण लगाए । यो विशेषण भित्रको अन्तरनिहित माया, विश्वास र सदभाव हो । किनकी तत्कालिन देशको विषम परिस्थितीमा पनि समाज सुधारको मुख्य एजेण्डा बोकेर संघर्ष गर्नु पक्कै चानचुने कुरा थिएन । वास्तवमा समाजवादी समाजको निर्माण समाजवाद र प्रजातन्त्रको सुदृढ गठबन्धनबाट मात्र सम्भव हुनसक्छ । किनकी लोकतान्त्रिक परिपाटीको अभावको समाजवादले आमजनताको आवश्यकतालाई पूर्ति गर्न सक्दैन । यसर्थ प्रजातन्त्र विना समाजवादको स्थापना गर्न सकिँदैन भन्ने मूल मर्मसहित प्रारम्भदेखि नै नेपाली काँग्रेसको नीति, लक्ष्य एवं सबै कार्यक्रमहरु प्रजातान्त्रिक समाजवाद अनुरुप भएपनि वि.सं. २०१२ सालमा भएको छैटौं महाधिवेशनबाट काँग्रेसले विधिवत रुपमा समाजवादको नीति अंगिकार गरेको थियो भने बीपी कोइरालाले समाजवादलाई सबै प्रकारका शोषण, दमन, अन्याय, अत्याचार, थिचोमिचो, भेदभाव तथा असमानतालाई अन्त्य गर्ने एक राजनैतिक र आर्थिक सिद्धान्तको रुपमा अगाडि ल्याएका थिए । लोकतान्त्रिक परिपाटी वा उदार राजनैतिक प्रक्रियाबाट समाजवादी कार्यक्रमलाई अघि बढाउन सकियो भने मात्र समाजवाद मानव समाजको अभिन्न अंग बन्नसक्छ । किनकी समाजवाद भनेको प्रजातान्त्रिक पक्ष समाहित भएको सभ्यता हो । समाजवादको नाउँमा प्रजातन्त्र चाहिँदैन भन्ने तत्व हाम्रो मुलुकमा पनि छन् । तिनीहरु जनतालाई अधिकार दिदैनौं, केवल रोटी मात्र दिन्छौं भन्छन् । त्यो हामीलाई स्वीकार्य छैन । त्यसले चाहे पेटको नाउँमा होस् वा समानताको नाउँमा होस् वा जुनसुकै नाउँमा भएपनि प्रजातन्त्रको अपहरण भएको हामीलाई मान्य छैन भन्दै बीपी कोइरालाले प्रजातान्त्रिक समाजवादको अवधारणा ल्याए, जसले गरिबी निराकरण गर्दै देशलाई औद्योगिक विकास र आर्थिक विकासका कार्यहरुमा अगाडि बढाउने र आर्थिक समानता कायम गराउने लक्ष्य राखेको थियो ।

प्रजातान्त्रिक समाजवादले समानतालाई ध्यानमा राख्दै कुनैपनि उपभोग्य वस्तुको आवश्यकता कति छ, त्यसलाई बढाउँदै आवश्यकता अनुरुपको परिमाणमा पुऱ्याउँछ । किनकी आवश्यकताले आपूर्ति सँग सानिध्यता कायम गर्न नसकेको स्थितिमा समान वितरण सम्भव हुँदैन । साथै समाज यदि उत्पादनको दृष्टिबाट पिछडिएको छ भने आर्थिक समानता सम्भव छैन । किनकी आर्थिक उत्पादन नभई जनतालाई पर्याप्त सेवा सुविधा दिन सकिँदैन र गरिबीको वितरण समाजवाद होईन । बीपीले दूधको उदाहरण दिँदै भनेका थिए, एकलिटर दूध सयजना लाई बराबर बाँड्नु दूधको नोक्सानी हो । किनकी त्यसको उत्तम वितरण त प्राथमिकता निर्धारण हो र दूधको पहिलो हक बच्चा, वृद्ध र बिमारी व्यक्तिमा हुनुपर्दछ भने सबैलाई पुग्ने गरी बाँड्न पर्याप्त मात्रामा उत्पादन भएपछि मात्रै सम्भव हुन्छ । यसर्थ प्रजातान्त्रिक समाजवादले दुध प्राप्त गर्ने केही मानिस सरह अरु सबै मानिसलाई छिटोभन्दा छिटो दुध उपलब्ध गराउन त्यसका सबै सम्भाव्यताहरुलाई हेर्दछ र सयजना मानिसहरुलाई दृष्टिगत गरेर दुधलाई एकलिटर बाट सय लिटर कसरी पुऱ्याउन सकिन्छ भन्ने लक्ष्यतर्फ केन्द्रित गराउँछ । केवल आर्थिक विकासलाई मात्र समाजवाद भन्न सकिँदैन । किनकी व्यक्ति नै समाजवादको जीवित तत्व भएकाले आर्थिक उत्थानको लक्ष्य पनि त्यही जीवित तत्व व्यक्तिलाई सुखी बनाउनु हो । त्यसैले प्रजातन्त्र समाजवादको अभिन्न अंग हो । जुन समाजमा नागरिकको स्वतन्त्रता अपहरण हुन्छ वा उनीहरुले संगठनको स्वतन्त्रता पाउँदैनन् वा शासकवर्गले बीचबीचमा आफ्नो कार्यको लेखाजोखा गरेर अन्तिम निर्णयका लागि जनतासामु जानु पर्दैन वा जहाँ न्यायालय स्वतन्त्र छैन वा जहाँका नागरिकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा स्वच्छन्दतापूर्वक बहस गर्न पाउँदैनन् भने त्यहाँ समाजवाद रहन सक्दैन भन्ने आदर्शलाई प्रजातान्त्रिक समाजवादले आत्मसाथ गर्दछ ।

बीपीले जनताको प्रजातान्त्रिक अधिकार विनाको समाजवादी शासन भनेको मानवीय मूल्य, मान्यता, आदर्श र सभ्यता विपरितको जंगली राज नै हो भन्ने विश्लेषण गरेका थिए । जहाँ जनताका नैसर्गिक मौलिक हक अधिकारहरु सुरक्षित हुँदैनन्, त्यहाँ खान लाउन पाएर मात्र मानिसको इच्छा र चाहना पुरा हुन सक्दैन भन्ने कुरालाई बीपीले बुझेका थिए । मानव चेतना पशुपंक्षीलाई जस्तो टन्न अघाउञ्जेल खाना दिएर बन्धनमा रहन



नारायण पौडेल

रुचाउँदैन । मानिसका लागि स्वतन्त्रता अति प्रिय चीज हो, जसलाई जेलका कैदीको जस्तो आहार, विहार सँग साट्न सकिँदैन । पिँजडामा बसेको चरा, बन्धनमा बाँधिएको पशु र जेलमा बसेको कैदी पनि खुल्ला र स्वतन्त्र भएर जीउन चाहन्छ, त्यो प्रजातान्त्रिक शासनव्यवस्थामा मात्रै सम्भव छ । 'मानिस ब्रेडले होईन, ब्रेनले चल्ने गर्दछ' भन्ने बीपी खाना तयार गर्ने र अन्य तमाम आवश्यकताका साधनहरुको माग र आपूर्ति, उत्पादन तथा आविष्कार गर्ने काम नै मस्तिष्कको योजनामा हुन्छ, बन्देज नलगाईएको स्वतन्त्र मनुष्यको स्वतन्त्र अस्तित्वले अनमोल र अनुपम आविष्कारहरु गर्दछ र त्यही ब्रेनको उपजका रुपमा देखिने उत्पादनले मानव जीवनलाई सहज, सरल र सुविधा सम्पन्न बनाउँछ भन्ने तर्क गर्दथे । नेपालको इतिहासमा प्रजातान्त्रिक समाजवादको अभ्यास २०१५ सालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बीपीको सरकारले समाजवाद स्थापनाका लागि भूमि, प्रशासनिक र कर सुधारका नीति तथा कार्यक्रम सहित अगाडि ल्याएको थियो । जुन नीतिमा व्यक्तिगत स्वतन्त्रता, आर्थिक कल्याणकारिता र सामाजिक समतालाई सुनिश्चित गर्ने प्रतिबद्धता उल्लेख थियो । भूमिसम्बन्धी ऐन, २०१४ र विर्ता उन्मूलन ऐन, २०१६ ल्याई क्रान्तिकारी भूमिसुधार योजना सहित 'जमिन कसको जोत्नेको, घर कसको पोत्नेको' भनी नेपालको इतिहासमा मजदुर, किसान, गरिबका पक्षमा अनुभूति दिलाउन सफलता प्राप्त भएको थियो ।

त्यस्तै बीपीको प्रधानमन्त्रीत्वमा बिर्ता तथा राज्य रजौटा उन्मूलन, जंगलको राष्ट्रियकरण, त्रिभुवन विश्वविद्यालयको स्थापना, गाउँहरुमा प्राथमिक, निम्न माध्यमिक, माध्यमिक विद्यालयको स्थापना, नेपाल उद्योग विकास निगमको स्थापना, जनकपुर चुरोट कारखाना, वीरगन्ज चिनी मिल, पूर्वपश्चिम राजमार्गको सर्वेक्षण गर्ने कामको प्रारम्भ, नेपाल वायुसेवा निगमको स्थापना लगायतका महत्वपूर्ण कामहरु भएका थिए । बीपीले प्रथम जननिर्वाचित प्रधानमन्त्रीको शपथ लिँदा तल्लो र माथिल्लो तहका कर्मचारीका बीच ठूलो असमानता थियो । यसलाई हटाउन २०१६, साउन २२ गते बसेको मन्त्रीमण्डलको सोही महिनादेखि नै लागू हुने गरी प्रधानमन्त्री, मन्त्री र सहायक मन्त्रीको तलब कटौती गर्ने निर्णय गरेको थियो । त्यसबेला प्रधानमन्त्रीको मासिक रु. २, ५०० बाट रु. १, ००० घटाएर रु. १, ५००, मन्त्रीले पाउने रु. १, ५०० बाट घटाएर रु. १, ००० तथा सहायक मन्त्रीले पाउने रु. १, २०० बाट घटाएर रु. ८०० कायम गर्दै असमानता हटाउने सन्दर्भमा आफैंबाट शुरु गर्नुपर्दछ भन्ने तर्क बीपीले राखेका थिए । वि.सं. २०१२ सालदेखि काँग्रेसले अनुशरण गरेको आर्थिक सिद्धान्त प्रजातान्त्रिक समाजवाद र २०३३ सालदेखि अंगीकार गरेको राष्ट्रिय एकता तथा मेलमिलापको नीतिमा बीपी जीवित रहुन्जेल केही प्रश्न उठ्यो वा आशंका भयो भने बीपीसँग भेटेपछि समाजवाद र मेलमिलापबारे उनले दिने तर्कबाट सबै सन्तुष्ट हुन्थे । तर बीपीको निधनपछि अहिलेसम्म पनि काँग्रेसमा समाजवाद र मेलमिलापको सन्दर्भमा मतभेद भेटिन्छ भने यसलाई सही अर्थमा व्याख्या गर्नसक्ने व्यक्ति तथा नेताहरुको अभाव देखियो । त्यसैले 'जोगी देख्दा भैंसीलाई डर, भैंसी देख्दा जोगीलाई डर' भनेजस्तै बीपीको काँग्रेस अब रहेन । तर बीपीलाई लत्याएर काँग्रेस वैचारिक बन्न खोज्नु र मुलुकमा समाजवाद स्थापित गर्न खोज्नु दुवै असम्भव छ ।

किनकी राजनीतिक दलहरुभित्र पार्टीको विचार, सिद्धान्त, आदर्श, निष्ठा, चिन्तन, पार्टीको मार्गदर्शक सिद्धान्त, प्रजातान्त्रिक समाजवादको मर्म तथा भावनाको अनुशरण गर्ने र जनतालाई समाजवाद बुझाउन सक्ने भन्दापनि अमुक नेतालाई रिझाउन सक्ने व्यक्तिले पार्टीभित्र महत्वपूर्ण जिम्मेवारी पाउन थालेका छन् भने जीवनभर दुःख, कष्ट झेलेका, जेल, नेल हिरासत र निर्वासन भोगेका, आर्थिक रुपमा कमजोर नेता कार्यकर्तालाई पार्टीभित्रको जिम्मेवारीबाट अलग पार्न थालिएको छ ।

हुनत नेपालको सम्पूर्ण लोकतान्त्रिक आन्दोलनको नेतृत्वकर्ता मात्र नभई राष्ट्र र जनतामाथि आईपरेका संकट समाधान गर्दै आएको एउटा ऐतिहासिक पार्टीका रुपमा काँग्रेस परिचित पनि छ । मुलुक यतिबेला संघीयता र गणतन्त्र कार्यान्वयनको चरणमा छ । तथापी शासनसत्ताको बागडोर सहित तालाचाबी नेकपाको हातमा रहेको छ भने प्रायः सत्ताको मियोमा रहँदै आएको काँग्रेस प्रतिपक्षको भूमिकामा रहेकाले काँग्रेसले आजसम्म खेलेको राजनीतिक भूमिकालाई नेपाली जनताले नजिकबाट नियालिरहेका छन् । तर वर्तमानमा मुलुक र जनताहरुको समस्या समाधान गर्न काँग्रेसको भूमिका प्रभावकारी देखिएको छैन । बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादले कुनैपनि प्रकारको अधिनायकवाद र तानाशाही सत्तालाई स्वीकार गर्दैन । तर अहिलेको सत्ता तथा काँग्रेस नेतृत्व तानाशाही बन्दैछ । सत्ताको सुरक्षा बन्दुकको घेराले गरेको हुन्छ भने सत्ताको प्राप्ति र समाप्ति बन्दुककै नालबाट सम्भव छ भन्ने मान्यता राख्नेहरु अहिले आएर सत्ताको स्थापना, सुरक्षा र अन्त्य जनताको अभिमतमा सुरक्षित रहेको हुन्छ भन्ने बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादी मार्गदर्शनलाई अनुशरण गर्न बाध्य भएका छन् । यो काँग्रेसजस्तो समाजवादी पार्टीको राजनीतिक विजय हो भने एउटा चुनाव हार्नु वा जित्नुसँग यो सफलतालाई तुलना गर्नु न्यायोचित हुँदैन । किनकी कुनैबेला संसदीय व्यवस्थालाई खसीको टाउको राखेर कुकुरको मासु बेच्ने पाखण्ड व्यवस्था भनी सशस्त्र विद्रोहमा लागेकाहरु पनि सर्वहारावर्गको अधिनायकत्व भन्दा स्वतन्त्रता सहितको जनतामा निहित सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक समाजवादबाट मात्र राष्ट्र र जनताको उन्नति, प्रगति गर्न सकिन्छ भन्ने मुद्दामा आईपुगेका छन् ।

बीपी कोइरालाले २००७ साल ताका भनेको प्रजातन्त्रिक समाजवादलाई मदन भण्डारीले चार दशकपछि जनताको बहुदलीय जनवादका रुपमा स्वीकार गरेका थिए भने सम्पूर्ण राज्यसत्ता कब्जाको उद्देश्य राखेर सशस्त्र विद्रोहमा लागेका तत्कालिन माओवादी नेता पुष्पकमल दाहाल र बाबुराम भट्टराई समेतले मदन भण्डारीले संसदीय प्रजातान्त्रिक व्यवस्था स्वीकार गरेको डेढ दशकपछि अनुशरण गरे । आखिर गन्तव्य एउटै हुँदा हुँदै पनि यो समयबीचको गोलचक्करले देशमा कति ठूलो धनजनको क्षति भयो, देश आर्थिक हिसाबले कति पछाडि पऱ्यो ? यसरी राजा महेन्द्रले संसदीय प्रजातान्त्रिक बहुदलीय समाजवादी राज्यव्यवस्थालाई बेदखल नगरेको भए र नेपालका वामपन्थीहरुले समयमै संसदीय व्यवस्थालाई स्वीकार गरिदिएको भए आज बीपीले परिकल्पना गरेको प्रजातान्त्रिक समाजवाद सहितको नेपाल विश्वकै सुन्दर अनि समृद्ध मुलुक बन्ने थियो । अहिले परिवेश बदलिएको छ भने राज्यको क्षमता पनि वृद्धि हुँदै गएको छ । त्यसैले राज्यको सामर्थ्य वृद्धिको अनुपातमा नागरिकको सेवा सुरक्षामा वृद्धि गर्दै सामाजिक न्यायको प्रत्याभूति सहित नागरिक जीवन सुरक्षित र स्वस्थ राख्नु तथा शिक्षित बनाउनु राज्यको महत्वपूर्ण दायित्व भित्र पर्दछ । यसरी भोक र रोगको चिन्ताबाट मुक्ति र सुलभ शिक्षा नागरिकको प्राथमिक अधिकार भित्र पार्नु नै बीपीको प्रजातान्त्रिक समाजवादको सार हो । त्यसैले बीपीले भनेको र सोचेको सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने प्रजातान्त्रिक समाजवादमा पुग्न भोकै बस्नु नपर्ने र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य उपचारको निश्चितता राज्यले नागरिकलाई प्रदान गर्नु अपरिहार्य छ । जसरी बीपीले विगतमा एउटा झुपडी, एक हल गोरु, एउटा दुहुनो गाई र खेतसँग जसरी समाजवादलाई जोडे र हरेक नेपालीले यी चिजहरु प्राप्त गर्न सक्ने अवस्था सिर्जना गरिनुपर्दछ भने त्यसैगरी अबको समाजवादले कृषि, उद्योग, व्यापार, पर्यटन, जलस्रोत, लगानी, शिक्षा, स्वास्थ्य, आवास, पूर्वाधार, प्रविधी लगायतका पक्षहरुलाई आधुनिक रुपमा जोड्न सक्नुपर्दछ ।

बहुसंख्यक जनताहरु आत्मनिर्भर भएको कृषिक्षेत्रमा आधुनिक क्रान्ति ल्याउन आजको काँग्रेसले कस्तो नीति तय गरेको छ, आधुनिक गाई, गोरु, बाख्रा उत्पादन गर्ने फार्म, जमिन सधैं उर्वर कायम गराई राख्ने उपाय र किसान बस्ने झुपडीलाई महलमा रुपान्तरण गर्ने कार्यक्रम आजको काँग्रेससँग छ कि छैन ? गहुँ र जौको दाना नचिन्ने, कुटो, कोदालो, हँसिया लगायतका कृषि औजारहरु चलाउन नजान्ने र खेतबारी कहिल्यै नटेकेका व्यक्तिहरुलाई कृषि मन्त्री, विभागिय प्रमुख तथा कृषि अनुसन्धानको प्रमुख बनाईरहने प्रचलन कहिले हट्छ ? वास्तवमा काँग्रेसको आगामी समाजवादी नीति के हो र कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने बिषयमा महाधिवेशनको चटारोमा पनि छलफल नगर्ने हो भने कहिले गर्ने ? आफूलाई प्रजातान्त्रिक समाजवादको अनुयायी भन्न रुचाउने काँग्रेसले बीपीको समाजवादलाई नयाँ संस्करणमा व्याख्या गर्न सक्छ कि सक्दैन वा तयार छ कि छैन ? यसर्थ काँग्रेस सच्चिनुको कुनै विकल्प छैन र स्रोत तथा साधनको मालिक पनि जनता र शासनको मालिक पनि जनता नै हुने राज्य निर्माणमा अबको काँग्रेसले नेतृत्व गर्नु अपरिहार्य देखिन्छ ।

*(लेखक अधिवक्ता हुन्)*

# वर्तमान सन्दर्भमा बीपीको सम्झना

महामना बीपी कोइरालाप्रति हार्दिक नमन ! बीपीको याद यस्तो सन्दर्भमा गरिँदैछ अहिले जुनबेला राजनीति हाक्नेहरुले सान्दर्भिकता गुमाउँदै छन् । बीपीको समझना प्रयोगात्मक बनाइए सन्दर्भ बुझाउन प्रेरणा बन्ने निश्चित छ । बीपीलाई राजनीतिको मात्रै किन ? मान्छेको जीवनपद्धतिमा विचार सन्दर्भको पूर्णतामा बुझ्न सकिन्छ । उहाँबारे सामान्य जानकारी लिँदा पनि मलाई लाग्छ - प्रकृति र जीवन जगत्माथि समेत उहाँले आफ्नो दृष्टि बनाउनु भएको छ र ती प्रभावोत्पादक छन् । बीपी कोइरालाको जीवनका अठसठ्ठी वर्षमा अधिक अवधि जेल र प्रवासमा बितेको छ । प्रजातन्त्र स्थापनापछि छोटो समयमात्र उहाँ राज्यसत्तामा रहनुभयो । त्यही छोटो समय पनि उहाँको अविस्मरणीय कर्मखण्ड बन्यो । खासमा विचार र व्यवहार संयोजनको 'फुटनोट'का लागि त्यो समय उदाहरणीय छ । जयन्तीको १०७ औं वर्ष सम्झनामा केही विश्लेषकले युग निर्माता बीपी चिन्तनमाथि विमर्श गरेका छन् । बीपी सन्दर्भ हो । समय समाजको गतिशील छ । समयले सान्दर्भिकता थप्न माग्छ तर चेतना सन्दर्भ विलुप्त हुँदैन । बीपी त्यही हो ।

जेल, प्रवास र राज्यको पदीय जिम्मेवारीमा रहेका सबै बखतलाई बीपीले सिर्जनशील र रचनात्मक बनाउनु भएको छ । नेपाली काँग्रेसलाई स्थापनाको चार वर्षभित्रै एकसय चार वर्षको राणा शासन ढाल्ने हैसियतमा पुर्याउने उहाँको सांगठनिक नेतृत्व कौशल चमत्कारकै हो । संस्थापक नेता बीपी कोइरालाले यति छिटै नेपाली काँग्रेसलाई जनमनमा स्थापित गर्नुको जगका सक्रियता, विचार, चरित्र र अन्तर्राष्ट्रिय पहिचान आधार हुन् । छोटै समयमा हजारौं नेता कार्यकर्ता र नागरिकलाई प्रजातन्त्रको पक्षमा लामबद्ध बनाउने उहाँको योगदान आधुनिक नेपालको पहिलो उज्यालो वा अहिले र भविष्यको लागि समेत चेतना खोजीमा प्रकाश हुनेछ । सरकारी सत्ता पर्तिर अर्को कुनै चेतनाको झुल्के किरणसम्म नभेटेको जहानियाँ रुढ रैती 'नागरिक'को बेला बीपीको राष्ट्रियता, प्रजातन्त्र र समाजवादी प्रयत्न कति दुरुह वा असाध्य थियो ? सायद, आधुनिक प्रविधियुगका भोक्ताको कल्पनाभन्दा बाहिर छ । बीपीको राजनीतिको केन्द्रीय तत्व सरकारी सत्ता थिएन । त्यो सत्ता जनताको पक्षमा परिणाम दिने साधन वा ऊर्जा हो, साध्य मानवीय र जनताको पक्षमा प्रतिफल प्राप्त गर्नु हो । प्रजातन्त्र, समाजवाद, साहित्य, धर्म, संस्कृति वा प्रकृतिमाथिको उहाँको समग्र दृष्टि मानवीय पक्षमा केन्द्रित छ । उहाँ मानिस, त्यसैले अभौतिक, अगोचर देव र दानवभन्दा भिन्न लौकिक जीवन जगत्को पक्षमा उभिनुभयो । मान्छे असल बन्न सक्ने प्रवृत्ति प्रेरणा दिनुभयो ।

विकृत परिवेशबीच अहिले बीपीमाथिको विमर्श बहस झन् खाँचो खड्किएको छ । उहाँको देश नेपालमा यतिबेला क्रमशः प्राज्ञिक अनुसन्धान शून्य छ भन्न मिल्छ । व्यक्तिगत प्रयत्न स्तुति भयो तर अनुसन्धानको संस्थागत अनुराग शिथिल छ । राजशाहीको बेला गराइने ताबेदारी अनुसन्धानको युग सकियो तर लोकतन्त्रको जेठ १५ गते बर्खा बखान गर्नेहरुले प्राज्ञिक अनुसन्धानलाई भित्ता ठेली रहेका छन् । प्राज्ञिक बहसलाई अनुत्पादक मान्ने जमातको जकडमा राष्ट्र फसी रहेको बेला, यही कारण 'जीवनोपयोगी' भन्दै प्राविधिक कौशललाई सर्वेसर्वा शिक्षा बताइरहेका छन् । के प्राज्ञिक वा बौद्धिक अनुसन्धान अनुत्पादक हो ? प्राज्ञिक र प्राविधिक अनुसन्धानबीच समन्वय गर्न नचाहनेहरु प्राज्ञिक उत्पादन प्रविधि प्रयोगको दर्शन बन्ने विश्व तथ्यलाई स्वार्थवश उपेक्षा



कुलचन्द्र वाग्ले

गरिरहेका छन् । प्राज्ञिक संस्थाको स्वतन्त्र अनुसन्धानलाई बाधित गर्ने कम्युनिस्ट शैली हो । यस कारण पनि बीपी चिन्तनप्रतिको बहस संस्थागत छैन, व्यक्तिगत सीमाभित्र मात्रै संकुचित छ । स्वयं उहाँबाट स्थापित नेपाली काँग्रेस पनि यस मामलामा चुकेको छ । बीपी काँग्रेसको मात्रै होइन, विचार र चिन्तनशीलहरुको समेत हो । बीपीप्रति कन्जुस्याइँको अर्थ अरु कुनै मान्यताले यहाँ उहाँको पूर्ति गर्न सक्दैन ।

विचार, विवेक र उन्मुक्त वैयक्तिक अभिव्यक्तिमाथि अनुदार अहिलेको सरकारी सत्ता आलोचनात्मक चेतप्रति बाधक छ । यही कारण बहुआयामिक बहस दमित छ । अवसर प्राप्ति वा सरकारी कोपभाजनको भयले धेरै 'स्वघोषित' बौद्धिक विवेकमाथि लगाम लगाइरहेका छन् । ऋतु अनुसार 'काक काक, पिक पिक' भनेको यथार्थ उद्घाटित भएको छ ।

यस्तै अँध्यारोमा प्रा डा. अभि सुवेदीजस्ता उद्भट अध्येता पनि छन् जसले बीपीको गहराइ बुझेर उद्घाटित गर्छन् । जननेता, जननायक र महामना बीपीले मागेर लिएको उपाधि होइन । अरुले मूल्यांकन गरेका विशेषण हुन् । प्रथम जननिर्वाचित प्रधानमन्त्री चाहिं जनताले दिएको उहाँको स्वआर्जन हो । महामनालगायत बीपी सापेक्ष विशेषणको मर्म प्रा.डा. सुवेदी र अर्का विद्वान् केदारभक्त माथेमाले व्यक्त गर्नुभएको हो । मेरो जानकारी भएसम्म नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले बीपीको वैशिष्ठ्य यसपटक गम्भीर बुझाइमा विश्लेषण (नयाँ पत्रिका, जयन्ती दिवसमा) गर्नुभएको छ । आधुनिक नेपालको परिकल्पनाकार, त्यसबखत बीपीले नेपाललाई प्रशासनिक इकाइ मात्र जस्तो भन्नु वा परराष्ट्र नीतिमा बीपीको दृष्टिलाई निधिले गहिरो अध्ययनमा प्रस्तुत गर्नुभएको छ ।

यस्तै सर्वोच्च नेता गणेशमान सिंहले तत्कालीन कम्युनिस्टहरुलाई मिलाएर नेतृत्व गर्नुभएको छयालीस सालको आन्दोलन बीपीको प्रस्तावभन्दा बाहिर थिएन निधिले उद्धरण दिनुभएको छ । उपसभापति निधिको बिछट्टै विशद् गाम्भीर्यको गुरुत्व पनि यो लेखले बहन गरेको माने । बीपीले आफूलाई राष्ट्रिय राजनीतिमा सामेल गराएको कृतज्ञ खुलासा पनि निधिले गर्नुभएको छ । चौधौं महाधिवेशन सम्मुख सभापति पदका उम्मेदवार (दाबा) काँग्रेस उपसभापति निधिको यो लेख अर्थपूर्ण त छँदैछ । त्यसभन्दा अतिरिक्त उहाँको सुझबुझ र अध्ययनको गहिराइ पनि लेखले कुशल बहन गरेको छ । जुनसुकै तहको किन नहोस् तर काँग्रेसमा यस्तो वैचारिकी क्षमता स्खलित छ । भन्नैपर्छ वरिष्ठ नेता रामचन्द्र पौडेल विचार र चरित्रको मामलामा अहिलेको संस्थापनभन्दा उत्तम उदात्त हुनुहुन्छ । काँग्रेसमा नैतिक चरित्रका पात्रहरु धेरै छन् । निधि स्वयं पनि हो ।

लहरै नाम लिँदा महामन्त्री शशांक कोइराला, डा.शेखर कोइराला, प्रकाशमान सिंह आदि सबै नैतिक चरित्रका इमानदार पात्र हुन् । क्षमता आआफ्ना हैसियत अनुकूल हुन्छ नै । बीपीलाई बुझ्ने आआफ्नै ढर्रा होलान् । समेट्ने, सुन्ने र विधिको मर्ममा हिँड्ने आन्तरिक लोकतन्त्रसँग भयभीत वा पेल्ने र ठेल्ने सभापति शेरबहादुर देउवाको निष्ठुरताले काँग्रेसका यस्ता हजारौं पात्र अहिले 'किं कर्तव्य विमूढ' बनाइएका छन् । पदको हैसियतले सभापति, अध्यक्ष वा प्रधानमन्त्री जो छ त्यसको 'पराक्रमी' गुटलाई संस्थापन भन्ने पहिचान राजनीतिमा सरल छ । लाग्छ वा बहस होला, संस्थापनको मान्यता पदको परिधिमात्रै होइन, विचार र चरित्रमा संस्थापनको प्रतिनिधित्व अर्कैले लिएको स्वीकृति पनि स्थापित गर्नु न्याय हुन्छ । काँग्रेसमा यस्तै छ । पदीय संस्थापन सभापति देउवाको छ तर वैचारिक संस्थापन पौडेलसमेत उल्लिखित नामले पाउने स्पष्ट आधार छ । सभापति देउवा गुटको उपसभापति निधि वैचारिक चरित्र राख्ने अपवादमध्ये एक असल पात्र । उहाँ छायामा दमित होइन, अभिव्यक्त हुनसक्ने कारण ।

बीपीलाई काँग्रेसको मात्र ठान्ने र काँग्रेसले पनि आफ्नो मात्रै मान्ने कारण राष्ट्रिय राजनीति र जीवनमा खासै प्रभाव नराख्ने नेतालाई खुट्टा लगाएर कम्युनिस्टहरुले थैथै गरेको विचित्र तस्बिर पनि यहाँ छ । आफ्ना नेता, अग्रजलाई सम्मान वा अनुकरण गर्नु स्वाभाविक आचरण हो । यसको आलोचना असंगत हुन्छ । बेलुनको साइजभन्दा धेरै हावा दिनु पनि त्यस्तै असंगत हो । राज्य संयन्त्र सरकारी यस्तै प्रतिकार्यमा चालित भएको द्रष्टाशक्ति राख्नेको दृष्टिमा अवश्य परेको छ ।

यस्ता सन्दर्भबीच काँग्रेसले बीपीको यादमा शब्दगुच्छा वर्षाउँदै छ । यादमा तीन दिने कार्यक्रमको जानकारी पार्टी कार्यालयले दिएको छ । नीति, नैतिकता, विधि र विचारलाई नजिकै वाग्मतीको प्रदूषित प्रवाहजस्तै बनाएको आजको काँग्रेस नेतृत्वले राजनीतिक प्रदूषणमा कम्युनिस्ट सरकारसँग पदचाप मिलाएको छ । भोलि सँलिएलान्, त्यो सम्भावनाको सपना हो तर अहिले वाग्मतीको दूषित पर्यावरण र नेपाली राजनीतिको कम्युनिस्ट प्रदूषण यथार्थ हो । प्रदूषणले आकण्ठ डुबेको काँग्रेस नेतृत्वले यी तीन दिनमा के सबक लेला ? नेपाली काँग्रेसले मूर्धन्य, इज्जतदार नेताहरु उत्पादन गरेको हो । जसको अविस्मरणीय योगदानबीच कुण्ठा, विवाद पनि थिए होलान् तर बीपीको चामत्कारिक व्यक्तित्वको प्रशंसा ती सबैले गरेका छन् । कारण ती सबैको प्रेरणा बीपी, ती सबैबाट प्रेरित हुन पनि जान्नुहुन्थ्यो । काँग्रेसको अग्रगामी इतिहास सित्तै निर्माण भएको होइन । मलाई लाग्छ, बीपीलाई बुझ्ने र बुझाइलाई उदार, हार्दिक अभिव्यक्ति दिने विषयमा सबैभन्दा स्पष्ट सहकर्मी गणेशमान सिंह हुनुहुन्छ । उहाँसँग भेटको सौभाग्यमा सुनेको र सर्वमान्य गणेशमान सिंह अलिकति पढेर पनि मैले उहाँको स्पष्टता बुझेको हुँ । नेपाली जनताको राजनीति गर्ने हो भने बीपी विमर्श र अनुशरण काँग्रेसको लागि पुनर्जीवन हो । लुते र लोलुप धारणाले हल्लिने चरित्रको अर्थ छैन ।

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

### हानीकारक उत्पादकलाई कारबाही गर

मानव स्वास्थ्यकालागि हानीकारक स्यानिटाइजरको विक्रीवितरण भएको पाइएको छ। बजारमा स्यानिटाइजरको माग बढेसँगै मिथानोल मिश्रित गरेर विक्रीवितरण गर्ने चार कम्पनीहरुको उत्पादनलाई प्रयोग अयोग्य भनी औषधि व्यवस्था विभागले पछिल्लो पटक जानकारी गराएको छ। यस्तै खालको स्यानिटाइजर विक्रीवितरण गर्ने पाँच कम्पनीहरुलाई यसअघि कारबाहीको प्रक्रियामा लगेको विभागले यस पटक थप चारवटा कम्पनीहरुको उत्पादनलाई प्रयोग अयोग्य भनेको हो। चीन र भारतबाट आयात भएका दुई कम्पनी र नेपालको ललितपुर तथा काठमाडौंका दुई कम्पनीका स्यानिटाइजर गुणस्तरहीन पाइएको हो। नेपालमा आयात भएका चीनमा बनेको ओपकल नन वासिङ इन्टिब्याक्टेरियाल सोलुसन १२० एमएल र पामाकेयर स्ट्याण्ड ह्याण्ड स्यानीटाइजर ६० एमएलमा विषाक्त गुणस्तर पाइएपछि त्यसको विक्रीवितरणमा रोक लगाउने निर्णय विभागले गरेको हो। यानिटाइजर ५० एमएलमा कम गुणस्तर पाइएको भस्भनी विभागले दाबी गरेको छ। यूनिकेयर र सासामा मेथानोलको मात्रा क्रमशः ५५ प्रतिशत तथा ३९.३४ प्रतिशत पाइएको जुन जनस्वास्थ्यको लागि हानीकारक रहेको भनी विभागले जनाएको छ। यस्तै चीनमा उत्पादित ओपकलमा इथानोलको मात्रा ६८ प्रतिशत र भारतको पामाकेयारमा ६६ प्रतिशत इथानोल पाइएकाले यसलाई पनि हानीकारक मानिएको हो।

यस्ता हानीकारक स्यानिटाइजरको बिक्री वितरण रोक्न र बजारमा भएको स्यानिटाइजर तुरुन्त फिर्ता लैजान विभागले उत्पादकलाई आग्रह गरेकोले प्रयोगकर्ता समेत सचेत हुनुपर्ने अवस्था आएको छ। उनीहरुलाई उठाउनका लागि सूचित गरिएको यो अवस्थामा उनीहरुले बजारबाट तुरुन्तै उठाएर लगिहाल्दा राम्रो हुने देखिन्छ। यसैगरी सर्वसाधारणले भन्दा पनि खुद्रा विक्रेताहरुले त्यस्ता स्यानिटाइजरहरुलाई विक्रीवितरण नगरी छुट्याएर राख्दा राम्रो हुने देखिन्छ।

अहिलेको कोरोना भाइरसको जोखिम बढेको यस्तो बेलामा त्यसको संक्रमण बढ्न नदिनका लागि सबैले आफ्नो क्षेत्रबाट योगदान दिनुपर्ने बेला हो यो। यस्तो बेलामा गुणस्तरिय उत्पादनमा ध्यान दिएर जनताको स्वास्थ्यसँग खेलवाड नगर्नुपर्ने अवस्था जानकारीमा हुँदाहुँदै मुनाफा बढी कमाउने नाममा उत्पादकहरुले गरेको यस्तो हर्कत कदापी सुहाउने होइन। जनस्वास्थ्यसँग खेलवाड गर्ने बेला होइन यो। जनस्वास्थ्यमा असर नपार्ने खालका उत्पादन दिएर जनतालाई सुरक्षित गर्ने तर्फ सबैको ध्यान जानु जरुरी छ। यसैगरी विभागले पनि उत्पादकहरुलाई आफ्ना उत्पादनहरु बजारबाट फिर्ता लान अनुरोध गरेको कुराले मात्र समाधान ननिस्कने देखिन्छ। जनस्वास्थ्यसँग खेलवाड गर्ने यस्ता कम्पनीहरुलाई कारबाहीको प्रक्रियामा नल्याए समस्या झनै बढेर जाने अवस्था रहन्छ। सरकारले पनि उनीहरुलाई कारबाही समेत गरेको अवस्थामा मात्र अरुले त्यस्ता कुकर्म गर्ने आँट गर्दैनन्। सरकारले कडाइ गरेका खण्डमा मात्र यो नियन्त्रणमा आउन सक्छ। पहिलेका पाँचवटा कम्पनीहरुसहित यिनीहरुलाई पनि कारबाहीको प्रक्रियामा लगिहाल्नु पर्ने हुन्छ।

# काँग्रेसको महाधिवेशनसँग जोडिएका केही सवाल



डा. डिला संग्रौला

राणा शासनदेखि राजतन्त्र अन्त्यसम्मको नेतृत्व गरेको नेपाली काँग्रेस नेपाली राजनीति र सामाजिक परिवर्तनको पर्यायजस्तै हो। करिब सात दशक लामो संघर्ष इतिहास बोकेको काँग्रेसलाई अलग्गै राख्ने हो भने नेपालको राजनीति र सामाजिक परिर्वतनको बुझाइ अपूरो हन्छ। एउटा जीवन्त पार्टीको आफ्ना मूल्य मान्यता, विधि-विधान हुन्छन्। आन्तरिक जीवनमा उतार चढाव आइ नै रहन्छन्। आज फेरि विसं २००३ सालमा राष्ट्रिय काँग्रेसका रुपमा गरिएको प्रथम अधिवेशनबाट शुरु भएको राजनीतिक यात्रा १४औं महाधिवेशनसम्म आइपुग्दा मुलुकको परिस्थितिले पनि कोल्टो फेरेको छ। काँग्रेस प्रतिपक्षमा उभिन पुगेको छ। कुनै पनि दलले समय सापेक्ष आफूलाई परिवर्तनशील र गतिशील बनाउन सकेन भने त्यो पार्टी जीवन्त हुन सक्दैन। त्यसैले निर्वाचनमा हार र पराजयले मात्र पार्टीको भविश्य निर्धारण गर्दैन। प्रतिपक्षमा भएर पनि जनताका आवाज र सवाललाई बोक्न सक्यो भने फेरि समयको चक्रसँगै जनताको लोकप्रिय पार्टी बन्न सक्छ। त्यस दिशातर्फ अब काँग्रेस मुखरित हुनु नै पर्दछ।

नेपाली काँग्रेस १४ औं महाधिवेशनको संघारमा उभिँदै गर्दा थुप्रै सवालहरु उठेका छन्। प्रथमतः तोकिएको समय अर्थात् फागुनमा हुने भनिएको महाधिवेशन टर्दै गएको छ। महाधिवेशनको कार्यतालिका अनुरुप पहिलो चरणको क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरण यही साउन मसान्तसम्म गरी सक्नुपर्नेमा कोभिड-१९ कारण कार्यतालिका प्रभावित भएको छ। कतिपय जिल्लाहरुमा अझै आन्तरिक समायोजन सकिएको छैन। विधानअनुसार काँग्रेसको महाधिवेशन चार वर्षमा हुनुपर्ने हो। तर, परिस्थितिको सुविधा प्रयोग गरेर थपिएको एक वर्षे कार्यकाल पनि ६ महिना बितिसकेको छ। एकातर्फ मुलुकको परिस्थिति दिनप्रति दिन प्रतिकूल बन्दै जनजीवन कष्टकर भई कोरोनाको संक्रमण भएको छ। आगामी फागुनमा महाधिवेशन गर्न नसकिए संविधानअनुरुप थप ६ महिना बढाउन सकिन्छ। त्यो सुविधा प्रयोग गर्दा २०७८ भदौभित्र महाधिवेशन गरी सक्नुपर्छ। भदौभित्र महाधिवेशन हुन नसके वैधानिक संकट आउँछ। यी सबै कुरालाई मध्यनजर गर्दै नयाँ कार्यतालिका अनुरुपमा महाधिवेशनको तयारी थालनी गरिनुपर्छ। तर काँग्रेसभित्र महाधिवेशनको कार्यतालिका सार्ने प्रस्तावको अपजस कसले लिने भनेर तैं चुप मै चुपजस्तै नेतृत्व मौन देखिन्छ। अप्ठ्यारो परिस्थितिमा केन्द्रीय कार्य समितिले नै जटिल परिस्थिति र विद्यमान अवस्थालाई ध्यानमा राखी नयाँ कार्यतालिका अनुरुप कार्यको थालनी गरिनुपर्छ।

कोरोना विश्यव्यापीरुपमा नै छ। यसको असर कहिलेसम्म रहन्छ, यकिन गर्न सकिँदैन। यसैबीचमा अमेरिकामा राष्ट्रपतिको निर्वाचन, भारतमा ठाउँठाउँमा लोकसभाको निर्वाचन र भर्खरै दक्षिण कोरियामा संसदीय निर्वाचन भएका छन्, हुँदैछन्। त्यसैले यति ठूलो परिवर्तनको नेतृत्व लिएको नेपाली काँग्रेसले आफ्नो आन्तरिक निर्वाचन गर्न सक्नुपर्छ। यदि हेर र पर्खको अवस्थामा मात्र बस्ने, अधिवेशनको आन्तरिक तयारी नगर्ने हो भने संवैधानिक संकट आउन सक्छ। त्यसैले नेपाली काँग्रेसको महाधिवेशनले उब्जाएका थुप्रै सवालहरुको जवाफ काँग्रेसले दिन सक्नुपर्छ। वर्तमान परिवेशमा काँग्रेसजनमा एउटा सोच के देखिन्छ भने नेकपाको आपसी खिचातानी र झगडाले कमजोर हुन्छ र काँग्रेस बलियो हुन्छ भन्ने मनोदशाबाट माथि उठी नेपाली जनतालाई केन्द्रविन्दु बनाएर आगामी कार्ययोजना र रणनीति तयार गरिनुपर्छ। सत्तारुढ दलले सत्ताको चरम दुरुपयोग गरी भ्रष्टाचार गरिरहेको छ। आपसी झगडाले संसद् बन्द भएको छ। जसले गर्दा जनताको मुख पनि बन्द हुन पुगेको छ। यस्तो परिस्थितिमा प्रतिपक्ष पार्टी नेपाली काँग्रेसले सशक्त ढंगले सरकारले गरेका हरेक गलत क्रियाकलापको प्रतिरोध गर्न सक्नुपर्छ। अबको लडाइँ आफूभित्र होइन भन्ने कुराको महसुस गरी आन्तरिक द्वन्द्व, मनमुटावलाई तिलाञ्जली दिँदै अब वैचारिक बहस सञ्चालन गर्नुपर्छ।

लोकतान्त्रिक पार्टीभित्र विभिन्न गुटउपगुट हुन्छन्। जुन कुरा काँग्रेसको आन्तरिक जीवनमा पहिलेदेखि नै रहेको देखिन्छ। जस्तो बीपी कोइराला, मातृकाप्रसाद कोइराला र सुवर्ण समशेरबीचको मतभेद, गणेशमान सिंह, किसुनजी र गिरिजाबाबुबीचको मतभेद, गिरिजाबाबु र शेरबहादुर देउवाबीचको मतभेद हुँदै शेरबहादुर र रामचन्द्र पौडेलबीचसम्म आइपुग्दा अनेकौं गुट-उपगुट झाँगिएकै छन्। तर, सबैलाई काँग्रेस नीति, कार्यक्रम र वैचारिक बहसले जसरी बीपीका पालामा जोडेको थियो। तर, आज काँग्रेसका नेताहरु विधि र नीतिभन्दा व्यक्तिवादी भएकाले काँग्रेस केही कमजोर भएको आवास भएको छ। त्यसैले आपसी कमीकमजोरीलाई आत्ससाथ र आत्मसमीक्षा गर्दै जनतामा नयाँ आशा र भरोसा दिलाउन काँग्रेसमा रुपान्तरण हुन जरुरी छ। यसलाई पुनःजीवन दिन अबको काँग्रेस कस्तो बनाउने र अबको मार्गचित्र के हुने भन्ने बहसलाई प्राथमिकता दिन सक्यौं भने गुट गौण हुन्छ र नीति र विधि प्रमुख हुन पुग्छ। त्यसैले काँग्रेसको महाधिवेशन सँगसँगै थुप्रै सवालहरु उठेका छन्। जुन यसका प्रकार छन्।

**निर्धारित समयमा महाधिवेशन हुने आशंका :** नेपाली काँग्रेसको केन्द्रीय कार्यसमितिले निर्धारण गरेको महाधिवेशनको कार्यतालिका फागुन ७-१० गतेसम्म तोकिएको छ। तल्ला तहका अधिवेशन पुसबाट शुरुभै माघ ६ गतेसम्म सक्ने कार्यतालिका छ। क्रियाशील सदस्यता वितरण र नवीकरण चुनौतीपूर्ण भएकाले पूर्वनिर्धारित मितिमा नै महाधिवेशन हुने आशंका देखिएको छ। वर्तमान केन्द्रीय कार्यसमितिको कार्यकाल आगामी फागुनमा ५ वर्ष पुग्छ। ५ वर्षभित्र पनि महाधिवेशन गर्न नसके थप ६ महिना थप्ने पाइने संवैधानिक सुविधा छ। त्यसपछि भने संवैधानिक संकट निम्तिन सक्छ। यस्तो अप्ठ्यारोलाई महसुस गरी एउटा बहस उठेको छ।

पुरानै प्रतिनिधि र क्रियाशील सदस्यहरुबाट मात्र महाधिवेशन गराउने तर्क पनि आएको छ। तर, न्यायसंगत देखिँदैन। २०७४ को निर्वाचनअघि र त्यसपछि समेत विभिन्न पार्टीबाट प्रवेश गर्नेहरुको ठूलो जमात काँग्रेसमा जोडिएको छ। १३ औं महाधिवेशनमा १३ वर्ष उमेर समूहका युवा आगामी निर्वाचनमा पार्टीसँग जोड्नका लागि महाधिवेशनमा युवा प्रतिनिधित्वलाई प्राथमिकतालाई राखी १५ प्रतिशत युवा र ३३ प्रतिशत महिलालाई नयाँ क्रियाशील सदस्यता दिनुपर्दछ। यो सबैको प्रतिनिधित्व गराउनका लागि पुरानो त्रियाशील सदस्यताबाट अधिवेशन गर्न सम्भव छैन। यसले पार्टीभित्र ऊर्जा भर्न सक्दैन। जसको प्रत्येक्ष असर आगामी निर्वाचनमा पर्ने गर्छ।

**अनलाइनबाटै क्रियाशील सदस्यता :** क्रियाशील सदस्यता वितरणको समस्यालाई सुल्झाउन पहिलो विकल्पका रुपमा अनलाइनमार्फत नयाँ क्रियाशील सदस्यता वितरणको थालनी गरिनु पनि हो। किनभने अधिवेशनको पहिलो आधार भनेको क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरण पनि हो। यसको व्यवस्थापन अनलाइनमार्फत गर्न सक्यो भने अधिवेशनको प्रक्रिया सहजैरुपमा अगाडि बढ्न सक्छ। त्यसका लागि गाउँरनगररवडा समितिको सिफारिसमा क्षेत्रीय कार्यसमिति हुँदै जिल्ला कार्यसमितिले यो प्रक्रियाको थालनी गरेमा क्रियाशील सदस्यता नवीकरण र वितरण गर्ने पहिलो चरणको कार्यतालिकामा सफलता हासिल गर्न मद्दत पुग्दछ।

**विकेन्द्रीकृत निर्वाचन पद्धति :** काँग्रेसभित्र कोरोना कहरका बेला कसरी गाउँरनगररक्षेत्ररजिल्लारप्रदेशदेखि केन्द्रसम्म्मको अधिवेशन गराउने भन्ने चिन्ता र चासो प्रकट भैरहेको अवस्थामा काँग्रेसले पनि समय सापेक्ष अधिवेशन केन्द्रित निर्वाचन प्रणालीलाई विकेन्द्रीकरण गर्नु दोस्रो विकल्प हो। अधिवेशनको पहिलो आधार भनेको गाउँनगररवार्ड तह नै हो। त्यहीँबाटै क्षेत्रीय प्रतिनिधिहरु चुनिएर आउँछन्। तिनैले नै प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र र जिल्ला तहसम्मको निर्वाचनमा भाग लिई केन्दीय महाधिवेशन प्रतिनिधिको पनि चयन गर्दछन्। त्यसैले हरेक निर्वाचन क्षेत्रको प्रत्येक वार्डमा नै हरेक तहको निर्वाचनको बाकस राखेर प्रतिनिधिहरुले आफ्नो मत प्रकट गर्ने व्यवस्था गर्नुपर्छ।

**वैचारिक एवं सैद्धान्तिक स्पष्टता :** राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, लोकतान्त्रिक समाजवाद, समावेशीकरण, धर्मनिरपेक्षता, संघीयता, शासकीय स्वरुप, अर्थनीति, सन्तुलित परराष्ट्र नीति, विकासको अवधारण, गठबन्धनको मान्यता, तराई-मधेस, पहाड र हिमाललाई हेर्न दृष्टिकोण आदिका विषय वस्तुका बारेमा डिजिटल प्रविधि, भिडियो कन्फरेन्समार्फत केन्द्रीय तहदेखि वार्ड तहसम्म विचारको प्रवालीकरण गर्नुपर्ने हुन्छ। नेपालको संविधानले समाजवाद उन्मुख भनेता पनि मुलुक त्यस दिशातर्फ गएको देखिँदैन। तसर्थ, लोकतान्त्रिक समाजवादको माध्यमबाट समग्र विकासमा जनताको सहभागिता कसरी गराउने, समावेशी लोकतन्त्रमा समावेशीकरणलाई पार्टीको संरचनामा कसरी कार्यान्यवन गर्ने, धर्मनिरपेक्षता संविधानले अंगिकार गरेपनि धार्मिक स्वतन्त्रालाई कसरी अँगाल्ने, अन्य पार्टीको गठबन्धनको मान्यतालाई आगामी निर्वाचनमा अन्य पार्टीसँग साँटगाँठ गर्ने की नगर्ने, सन्तुलित परराष्ट्र नीतिलाई कसरी आत्मसाथ गर्ने जस्ता थुप्रै विषय वस्तुमा काँग्रेस स्पष्ट हुन जरुरी छ।

**निर्णायक तहमा सबैको प्रतिनिधित्व :** नेपाली काँग्रेस जननायक बीपी कोइरालाले स्थापना गरेको पार्टी हो। बीपीले आफू प्रधानमन्त्री हुँदा द्धारिकादेवी चन्द ठकुरानीलाई पहिलो सहायक स्वास्थ्यमन्त्री, धनमान सिंह परियारलाई महामन्त्री बनाएर समावेशीको प्रतिनिधित्वको व्यवस्थापन गर्नुभएको थियो। आज नेपाली काँग्रेसको विधानमा नै कदमजमको सिद्धान्तलाई आत्मसाथ गरेकाले आगामी महाधिवेशनमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, खस आर्य र पछाडि परेको क्षेत्रको प्रतिनिधित्व मात्र होइन, नेतृत्व पनि हुनुपर्छ भन्ने बहसले सार्थकता पाउनुपर्छ।

**प्रतिपक्षको भूमिका :** लामो समयसम्म सत्ता सम्हाल्न पुगेको नेपाली काँग्रेस संघीयतामा आइपुग्दा प्रतिपक्षको भूमिकामा छ। नेपाली जनताले सत्तापक्ष र प्रतिपक्षको भूमिकामा फरक नदेखेको टीकाटिप्पणी पनि गरिरहेका छन्। त्यसैले सरकारले गरेका भ्रष्टाचार, बेथिति आदिका विषयमा जनता समस्य उजारीकरण गर्दै प्रभावकारी प्रतिपक्षको भूमिका निर्भाह गर्न सक्नुपर्छ।

**निर्वाचन जित्ने रणनीतिको तय :** जीवन्त पार्टीभित्र आपसी मतमतान्तर भैरहन्छन्। तर, यी सबै कुरालाई प्राथमिमकतालाई नराखी गएको निर्वाचनमा नेपाली काँग्रेस के कारणले पछाडि पर्‍यो। अब आगामी आउने निर्वाचनमा काँग्रेसले जनताको मत पाउने आधारहरु के-के हुन् ? यी सबैको निर्धारण गर्दै जनतामा आशा र भरोसा जगाउन सक्नुपर्छ। जनता अहिले रोग र भोग दुवैबाट अक्रान्त छन्। वाढीपहिरोले ठूलो धनजनको क्षति गरेको छ। क्षतिको समयमा किसानले मल माएका छैनन्। विदेशमा रोगगारी गुमाएर अलपत्र परेका नेपाली नेपाल आउन नपाएर छटपटिरहेका छन्। यी सबै कुराको निवारणको नेतृत्व काँग्रेसले लिँदै आगामी चुनाव जित्ने रणनीति तय गरिनुपर्दछ।

**कार्यकर्ताको व्यवस्थापन र परिचालन :** महाधिवेशन भनेको नेतृत्वको चयन मात्र होइन। यो कार्यकर्ताको परिचालन र व्यवस्थापन पनि हो। त्यसले पार्टीभित्र काम गरेका कार्यकर्ताको मूल्याङ्कन यो अधिवेशनले गर्न सक्नुपर्छ। होइन भने लगानी गरेका कार्यकर्ता पलायन हुने, गुट वा नेताको वरिपरि घुम्नेले मात्र पद प्राप्त गर्ने हो भने फेरि असन्तुष्टि झाँगिँदै जान्छ। त्यसको प्रत्यक्ष असर आगामी निर्वाचन पर्ने गर्दछ।

**रुपान्तरण र पुस्तान्तरण :** निर्वाचनमा नराम्रोसँग पराजय भएपछि काँग्रेसमा एउटा बहस चल्यो। पार्टी एजले चलाउने की एजेण्डाले चलाउने। आज फेरि अधिवेशनको संघारमा काँग्रेसको रुपान्तरण र पुस्तान्तरण बहस चलिरहेको छ। त्यसैले काँग्रेसलाई पुरानै अवस्थामा पुर्‍याउने हो भने रुपान्तरण, पुस्तान्तरण र हस्तान्तरण आजको आवश्यकता हो।

**महामारीको सामना :** विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ को महामारीबाट नेपाल पनि अछुतो छैन। कोरोना संक्रमण दिनप्रति दिन भयाभह रुपमा समुदायस्तरमा फैलिसकेको छ। जनता भयवित र त्रसित छन्। सरकार भने गैरजिम्मेवार र जनताप्रति उत्तरदायी छैन। त्यसैले नेपाली काँग्रेसले महामारीको सामाना गर्न गर्ने नेतृत्व लिँदै जनताको जनजीविकासँग आफूलाई गाँस्न सक्नुपर्छ। कोरोनापछिको रणनीति तय गर्दै अबको आर्थिक, सामाजिक, शैक्षिक, पुनःउत्थानको खाका तय गरी जनतामा आशा र भरोसा दिलाउन सक्नुपर्छ।

**विकास र समृद्धि :** नेपाली जनताले समृद्धि र विकासको अनुभूति अझै गर्न पाएका छैनन्। सिंहदरवारको अधिकार गाउँ घरमा पुगेकै छैन। समृद्धिको नारा सरकारको भाषणमा मात्र सीमित छ। त्यसैले शिक्षा, स्वास्थ्य, रोजगार, बाटोघाटो सबैको विकास काँग्रेस सत्तामा गएपछि मात्र हुन्छ भन्ने विश्वास यो महाधिवेशनले जनतालाई दिलाउन सक्नुपर्दछ।

*(संग्रौला प्रतिनिधिसभा सदस्य एवं नेपाली काँग्रेस केन्द्रीय हुन्)*

तपाईंले निम्न पोर्टल लगअन गर्नु भयो ?
www.setopati.com
www.samakalinsahitya.com
www.onlinekhabar.com
www.imagekhabar.com
www.ratopati.com
www.swasthyakhabar.com
www.businesspati.com
www.mahilakhabar.com
www.bizmandu.com
www.edukhabar.com
www.baahrakhari.com
www.harekpal.com

# अनिवार्य मौज्दात के हो ? किन र कसका लागि राख्ने ?

बैंक तथा वित्तीय संस्थालाई केन्द्रीय बैंकले आफ्नो कुल निक्षेपको तोके बमोजिम निश्चित प्रतिशत रकम केन्द्रीय बैंकको खातामा राख्ने व्यवस्थालाई नै अनिवार्य मौज्दात भनिन्छ। हाल नेपाल राष्ट्र बैंकले सो व्यवस्था ४ प्रतिशत कायम गरेको छ तर कोरोनाको अवधिभर अर्को सूचना नआउन्जेलसम्म ३ प्रतिशत कायम गरेको छ। यस्तो रकममा केन्द्रीय बैंकले कुनै ब्याज प्रदान गर्दैन ।

**१. अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था**

१) केन्द्रीय बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका संस्थाले कुल निक्षेप दायित्वको ४ (चार) प्रतिशत अनिवार्य मौज्दात वापत केन्द्रीय बैंकमा राख्नु पर्नेछ। यस व्यवस्था बमोजिम कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दातको न्युनतम ७० प्रतिशत रकम दैनिक रुपमा केन्द्रीय बैंकमा राख्नु पर्ने छ।

(२) 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त संस्थाले केन्द्रीय बैंकको कार्यालय नभएको स्थानमा नजिकको 'क' वर्गको इजाजतपत्र प्राप्त संस्थामा यस प्रयोजनको लागि चल्ती खाता खोली आवश्यक रकम जम्मा गरेमा पनि अनिवार्य मौज्दातमा गणना गरिनेछ। तर, ब्याज आर्जन हुने गरी 'क' वर्गको इजाजतपत्र प्राप्त संस्थामा जम्मा गरेको रकमलाई अनिवार्य मौज्दातमा गणना गरिने छैन। यस्तो खाताको जानकारी यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा दिनुपर्नेछ। अनिवार्य मौज्दात प्रयोजनका लागि खोलिने खाता सम्बन्धित वित्तीय संस्थाको केन्द्रीय कार्यालय भएको स्थानमा मात्र खोल्नु पर्नेछ।

सम्बन्धित वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहेको स्थानमा नेपाल राष्ट्र बैंकको कार्यालय नभएको खण्डमा नजिकको 'क' वर्गको एउटै बैंकमा जम्मा गरेको रकमलाई मात्र अनिवार्य मौज्दातमा गणना गरिनेछ। यस्तै, केन्द्रीय बैंकको कार्यालय बाहेक एकभन्दा बढी बैक/शाखामा जम्मा गरेको रकमलाई यस प्रयोजनका लागि योग्य मानिने छैन। अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि खाता खोलिएको बैंकबाट सम्बन्धित वित्तीय संस्थाले कुनै पनि किसिमको सापटीरसुविधा उपयोग गर्न पाउने छैन। तर, विपन्न वर्ग कर्जा उपलब्ध गर्न/गराउन यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपबुँदा (१) बमोजिम राख्नु पर्ने मौज्दात नपुग भएको अवस्थामा देहाय बमोजिम जरिवाना लगाइने छ-

क) पहिलो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले।

ख) दोस्रो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको डेढ प्रतिशतले

ग) तेस्रो पटक र सो भन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोव्वर प्रतिशतले। तर, समस्याग्रस्त घोषणा गरी निक्षेप स्वीकार तथा कर्जा प्रवाहमा प्रतिबन्ध लगाएको अवस्थामा त्यस्तो बैंक वा वित्तीय संस्थालाई जरिवाना लगाउन अनिवार्य हुने छैन।

४) उपबुँदा (३) को खण्ड (क), (ख) र (ग) बमोजिम पटक कायम गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिने छ। जरिवानाको पटक निर्धारण गर्दा १४ दिन (दुई सप्ताह) को मौज्दात गणनालाई एक पटक मानिनेछ।

५) अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी छब्बिसले भाग गरिने छ। एउटै अवधि (दुई हप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ।

६) अनिवार्य मौज्दात गणना सम्बन्धी प्रयोजनका लागि देहायको प्रक्रिया अपनाइनेछ-

क) अनिवार्य मौज्दातको गणना साप्ताहिक औसत निक्षेप मौज्दातका आधारमा गरिने छ।

ख) मौज्दातको गणना गर्दा खण्ड (क) मा उल्लिखित समयावधि पछि एकहप्ता अन्तराल कायम गरी तत्पश्चातको दुई हप्ता (आइतवार देखि १४ औं दिनको शनिवार) मा कायम गरिने औसत नगद मौज्दातलाई लिइनेछ।

ग) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनको लागि कुल निक्षेप दायित्वका हकमा साप्ताहिक रुपमा आइतवार देखि शनिवारसम्मको कुल निक्षेपको योगलाई सात अङ्कले भाग गरी दैनिक औसत निर्धारण गर्नुपर्नेछ। यसैगरी, नेपाल राष्ट्र बैंक मौज्दातको गणना गर्दा आइतवारदेखि १४ औं दिनको शनिवारसम्मको दैनिक मौज्दातको कुल योगलाई चौध अङ्कले भाग गरी दैनिक औसत निर्धारण गरिने छ।

घ) यस निर्देशन बमोजिम कायम गर्नुपर्ने अनिवार्य मौज्दातको कम्तिमा ७० प्रतिशत मौज्दात दैनिक रुपमा कायम गर्नुपर्नेछ।

ङ) यस प्रयोजनको लागि निर्धारित निर्देशन फा.नं. १३.१ बमोजिमको विवरण भरी हप्ता बितेको सात दिनभित्र अनिवार्य रुपमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा आइपुग्ने गरी पठाउनु पर्नेछ।

७) यस उद्देश्यको लागि इजाजतपत्रप्राप्त संस्थाको सम्पूर्ण कार्यालयहरुलाई एउटै इकाई मानिने छ।

८) यस बैंकमा रहेको खातामा जम्मा हुने गरी फण्ड ट्रान्सफरको सिलसिलामा मार्गस्थ ९त्चबलकष्त० मा पर्न गएको स्वदेशी मुद्राको रकमलाई यस बैंकको मौज्दातमा समावेश गराइने छ। बैंक तथा वित्तीय संस्थाले मार्गस्थमा पर्न गएको स्वदेशी मुद्राको रकमको प्रमाण समेत संलग्न गरी पठाउनु पर्नेछ।

**अनिवार्य मौज्दातसम्बन्धी अन्य व्यवस्था**

इजाजतपत्र प्राप्त संस्थाहरुको कार्यलाई विस्तारित, सहज र सुविधायुक्त बनाउन बजार निर्माताहरू बाहेकका केन्द्रीय बैंकबाट इजाजतपत्रप्राप्त संस्थाले पनि सरकारी सुरक्षणपत्रको साँवा तथा ब्याज भुक्तानी गरी सोको शोधभर्ना केन्द्रीय बैंकबाट प्राप्त गर्न सक्ने हुनाले सरकारी सुरक्षणपत्रको साँवा भुक्तानी रकमको शोधभर्ना प्राप्त नहुँदासम्मको अवधिको लागि उक्त रकमलाई समेत अनिवार्य मौज्दात अनुपात गणना गर्दा समावेश गर्न सकिनेछ। साथै, सार्वजनिक बिदा पर्न गई सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई साँवा रकम भुक्तानी गर्न नसकिएको अवस्थामा सो घघड बिदाको अवधिको लागि उक्त साँवा रकमलाई यस बैंकमा राख्नु पर्ने अनिवार्य मौज्दात अनुपात गणना गर्दा समावेश गर्न सकिनेछ।

**वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था**

इजाजतपत्रप्राप्त 'क' वर्गका बैंकले कुल स्वदेशी निक्षेपको १० प्रतिशत, 'ख' वर्गका विकास बैंकले ८ प्रतिशत र 'ग' वर्गका वित्त कम्पनीले ७ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ। यस प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाहरूको निम्नानुसारको तरल सम्पत्तिहरु गणना गरिनेछ-

क) नेपाल सरकारको सुरक्षणपत्रमा गरेको लगानी,

ख) अनिवार्य मौज्दात प्रयोजनका लागि नेपाल राष्ट्र बैंकमा राखिएको रकम,

ग) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,

घ) 'ख' र 'ग' वर्गका संस्थाको हकमा अनिवार्य मौज्दात प्रयोजनका लागि वाणिज्य बैंकहरुमा रहेको रकम,

ङ) प्रादेशिक स्तरका वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम,

च) अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्रमा गरिएको लगानी, (छ) खुला बजार कारोवार अन्तर्गत इजाजतपत्रप्राप्त संस्थाबाट यस बैंकले संकलन गरेको निक्षेप र

तर, तरल सम्पत्ति गणना गर्दा माथि उल्लेखित सुरक्षणपत्र वा ऋणपत्रको धितोमा रिपो, स्थायी तरलता सुविधा ९कीँ० लगायत बैंक वित्तीय संस्थाबाट कर्जा लिएको भए सो कर्जा रकम घटाई खुद लगानी मात्र तरल सम्पत्तिमा समावेश गर्नु पर्नेछ।

वैधानिक तरलता अनुपात गणना सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ।

१) वैधानिक तरलता अनुपात गणना गर्दा ठीक अघिल्लो महिनाको अन्त्यमा रहेको स्वदेशी निक्षेप दायित्वलाई आधार मानिनेछ।

२) यस्तो अनुपात गणना गरी प्रत्येक महिनाभरको वैधानिक तरलता अनुपात रकमको विवरण निर्देशन फा.नं. १३.२ मा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ।

३) उल्लिखित मौज्दात नपुग भएको अवस्थामा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ को उपदफा (१) मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम जरिवाना लगाइने छ :

क) पहिलो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले।

ख) दोश्रो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको दोब्वर प्रतिशतले।

ग) तेश्रो पटक र सोभन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको तेब्बर प्रतिशतले। तर, समस्याग्रस्त घोषणा गरी निक्षेप स्वीकार तथा कर्जा प्रवाहमा प्रतिबन्ध लगाएको अवस्थामा त्यस्तो बैंक वा वित्तीय संस्थालाई जरिवाना लगाउन अनिवार्य हुने छैन।

४) उपबुँदा (३) को खण्ड (क), (ख) र (ग) बमोजिम पटक कायम गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिनेछ। जरिवानाको पटक निर्धारण महिनाको आधारमा गरिनेछ।

५) वैधानिक तरलता अनुपात नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले मासिक हिसावमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंकदरको प्रतिशतले गुणा गरी बाह्रले भाग गरिनेछ।

६) वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा जरिवानाको प्रयोजनका लागि यस बैंकले तोके बमोजिम प्रकाशित गरेको बैंकदरलाई नै आधार लिइनेछ।

## धार्मिक/आध्यात्मिक लेखकहरुलाई अनुरोध

यस 'नयाँ विमर्श' साप्ताहिकले चाँडैदेखि धार्मिक तथा आध्यात्मिक लेख तथा समाचारहरुलाई पनि स्थान दिने भएकाले सो विधाको लेख, समाचार, गतिविधिहरु यस साप्ताहिकको इमेल nayabimarsha@gmail.com मा पठाउनु हुन अनुरोध छ।

कुनै पनि धर्म सम्पदायसँग सम्बन्धित लेख, समाचार तथा गतिविधि पठाउन बन्देज नलगाइए पनि कुनै पनि धर्मसँग सम्बन्धित लेखहरुमा अन्य धर्मप्रति वितृष्णा फैलाउने वा धार्मिक विवाद हुने खालका कुराहरु भने नराखीदिनु हुन सबैमा अनुरोध गर्दछौं। धार्मिक तथा आध्यात्मिक लेखहरुमा धर्मग्रन्थमा भएका कुरा उल्लेख हुने तथा त्यस्ता कुराले नैतिकताको पाठ पढाउने भएकाले त्यस्ता लेखहरुलाई स्थान दिने भइएको जानकारी गराउँदै त्यस्ता लेखहरु नेपाली, संस्कृत वा अंग्रेजी भाषामा समेत पठाउन सकिने जानकारी गराइन्छ। - सम्पादक

# Historic Peace Treaty

Wednesday 15th September 2020 will go down in history as an historic day for the lands of Israel, the United Arab Emirates and the Kingdom of Bahrain, as they finalized a peace treaty together . This treaty had been brokered with the assistance of the president of the United States Donald Trump and his team led by Jared Kushner, the president's son-in-law . There has not been a peace treaty between Israel and an Arab nation since the 1994 treaty with Jordan and before that the 1979 treaty with Egypt . Therefore, it was an historic event .



A joint statement on Friday past between the US, Bahrain and Israel said, "This is a historic breakthrough to further peace in the Middle East, " Opening direct dialogue and ties between these two dynamic societies and advanced economies will continue the positive transformation of the Middle East . The new alliances will forge important new economic, trade and tourism ties between the former foes, and will help to formulate dialogue which will be an aid to bringing peace and stability to the region . It is a step to stop the endless cycle of violence and death through dialogue and understanding .

The United Arab Emirates, UEA, is a sovereign state in Western Asia at the northeast end of the Arabian Peninsula . The estimated population of the UAE is 9 . 89 million in 2020 . Abu Dhabi is the capital city and Islam is the official religion with Arabic being the official language . It is therefore a small nation but its potential and power are found in its oil reserves . The UEA has the sixth largest oil reserves in the world but also its natural gas reserves are crucial too, making it the world's seventh largest natural gas reserve nation .

The kingdom of Bahrain, on the other hand, is the third smallest nation in Asia with a population of only around 1 . 5 million . It is made up of 51 artificial islands and an additional 40 natural islands, with its capital in Manama the countries largest city . It has been famed since antiquity for its pearl fisheries, which were considered the best in the world right up and into the 19th century when cultured pearls started to be manufactured and greatly dismantled the industry . Bahrain developed the first post-oil economy in the Persian Gulf . The result of decades of investing in the banking and tourism sectors has enticed many of the world's largest financial institutions to have a presence in the country's capital, making it a high income economy .

The peace treaty that these two nations has signed will help normalize ties with the Jewish state and hopefully help reshape politics in the Middle East . It is a very daring move to make for these small nations, though as each of these nations say their desire is that it will help to bring peace to the whole of the region and encourage other Arab nations to take the same brave step . The idea of any peace treaty is to bring harmony, wholeness, completeness, prosperity, welfare and tranquility to a situation whether in countries or between two parties . The Bible says mankind is an enemy to God because of their sins . However, in 2 Corinthians 5 it exhorts men and women to be reconciled or have peace with God . Verse 20 "we pray *you* in Christ's stead, be ye reconciled to God . " Man wishes to live in peace one with the other and the living God says in Christ's stead make peace with me . As a result, of what Christ has done, his suffering and dying on the cross, because of it you too can have peace, harmony, wholeness, completeness, prosperity, welfare and tranquility with God . We pray you, we exhort you, we beseech you the Bible says to draw near and have this lasting peace . The UEA and Bahrain have drawn near to Israel, it is a daring first step in the Middle East . It may even be the dawn of a new beginning .

**P . Pilgrim**, pilgrimway101@yahoo . com

फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस्। हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ।
- सोफा सेट, टेबल, कुर्ची, पलंग आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन्। उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं।

फर्निचर महल प्रा.लि.

काठमाडौं, सम्पर्क नं.९८४१४६२५९४

# वर्तमान सन्दर्भमा बीपीको सम्झना

**कुलचन्द्र वाग्ले**

महामना बीपी कोइरालाप्रति हार्दिक नमन ! बीपीको याद यस्तो सन्दर्भमा गरिँदैछ अहिले जुनबेला राजनीति हाक्नेहरुले सान्दर्भिकता गुमाउँदै छन् । बीपीको समझना प्रयोगात्मक बनाइए सन्दर्भ बुझाउन प्रेरणा बन्ने निश्चित छ । बीपीलाई राजनीतिको मात्रै किन ? मान्छेको जीवनपद्धतिमा विचार सन्दर्भको पूर्णतामा बुझ्न सकिन्छ । उहाँबारे सामान्य जानकारी लिंदा पनि मलाई लाग्छ - प्रकृति र जीवन जगत्माथि समेत उहाँले आफ्नो दृष्टि बनाउनु भएको छ र ती प्रभावोत्पादक छन् । बीपी कोइरालाको जीवनका अठसट्ठी वर्षमा अधिक अवधि जेल र प्रवासमा बितेको छ । प्रजातन्त्र स्थापनापछि छोटो समयमात्र उहाँ राज्यसत्तामा रहनुभयो । त्यही छोटो समय पनि उहाँको अविस्मरणीय कर्मखण्ड बन्यो । खासमा विचार र व्यवहार संयोजनको 'फुटनोट'का लागि त्यो समय उदाहरणीय छ । जयन्तीको १०७ औं वर्ष सम्झनामा केही विश्लेषकले युग निर्माता बीपी चिन्तनमाथि विमर्श गरेका छन् । बीपी सन्दर्भ हो । समय समाजको गतिशील छ । समयले सान्दर्भिकता थप्न माग्छ तर चेतना सन्दर्भ विलुप्त हुँदैन । बीपी त्यही हो ।

जेल, प्रवास र राज्यको पदीय जिम्मेवारीमा रहेका सबै बखतलाई बीपीले सिर्जनशील र रचनात्मक बनाउनु भएको छ । नेपाली काँग्रेसलाई स्थापनाको चार वर्षभित्रै एकसय चार वर्षको राणा शासन ढाल्ने हैसियतमा पुर्याउने उहाँको सांगठनिक नेतृत्व कौशल चमत्कारकै हो । संस्थापक नेता बीपी कोइरालाले यति छिटै नेपाली काँग्रेसलाई जनमनमा स्थापित गर्नुको जगका सक्रियता, विचार, चरित्र र अन्तर्राष्ट्रिय पहिचान आधार हुन् । छोटै समयमा हजारौं नेता कार्यकर्ता र नागरिकलाई प्रजातन्त्रको पक्षमा लामबद्ध बनाउने उहाँको योगदान आधुनिक नेपालको पहिलो उज्यालो वा अहिले र भविष्यको लागि समेत चेतना खोजीमा प्रकाश हुनेछ । सरकारी सत्ता पर्तिर अर्को कुनै चेतनाको झुल्के किरणसम्म नभेटेको जहानियाँ रुढ रैती 'नागरिक'को बेला बीपीको राष्ट्रियता, प्रजातन्त्र र समाजवादी प्रयत्न कति दुरुह वा असाध्य थियो ? सायद, आधुनिक प्रविधियुगका भोक्ताको कल्पनाभन्दा बाहिर छ । बीपीको राजनीतिको केन्द्रीय तत्व सरकारी सत्ता थिएन । त्यो सत्ता जनताको पक्षमा परिणाम दिने साधन वा ऊर्जा हो, साध्य मानवीय र जनताको पक्षमा प्रतिफल प्राप्त गर्नु हो । प्रजातन्त्र, समाजवाद, साहित्य, धर्म, संस्कृति वा प्रकृतिमाथिको उहाँको समग्र दृष्टि मानवीय पक्षमा केन्द्रित छ । उहाँ मानिस, त्यसैले अभौतिक, अगोचर देव र दानवभन्दा भिन्न लौकिक जीवन जगत्को पक्षमा उभिनुभयो । मान्छे असल बन्न सक्ने प्रवृत्ति प्रेरणा दिनुभयो ।

विकृत परिवेशबीच अहिले बीपीमाथिको विमर्श बहस झन् खाँचो खड्किएको छ । उहाँको देश नेपालमा यतिबेला क्रमशः प्राज्ञिक अनुसन्धान शून्य छ भन्न मिल्छ । व्यक्तिगत प्रयत्न स्तुति भयो तर अनुसन्धानको संस्थागत अनुराग शिथिल छ । राजशाहीको बेला गराइने ताबेदारी अनुसन्धानको युग सकियो तर लोकतन्त्रको जेठ १५ गते बर्खा बखान गर्नेहरुले प्राज्ञिक अनुसन्धानलाई भित्ता ठेली रहेका छन् । प्राज्ञिक बहसलाई अनुत्पादक मान्ने जमातको जकडमा राष्ट्र फसी रहेको बेला, यही कारण 'जीवनोपयोगी' भन्दै प्राविधिक कौशललाई सर्वेसर्वा शिक्षा बताइरहेका छन् । के प्राज्ञिक वा बौद्धिक अनुसन्धान अनुत्पादक हो ? प्राज्ञिक र प्राविधिक अनुसन्धानबीच समन्वय गर्न नचाहनेहरु प्राज्ञिक उत्पादन प्रविधि प्रयोगको दर्शन बन्ने विश्व तथ्यलाई स्वार्थवश उपेक्षा गरिरहेका छन् । प्राज्ञिक संस्थाको स्वतन्त्र अनुसन्धानलाई बाधित गर्ने कम्युनिस्ट शैली हो । यस कारण पनि बीपी चिन्तनप्रतिको बहस संस्थागत छैन, व्यक्तिगत सीमाभित्र मात्रै संकुचित छ । स्वयं उहाँबाट स्थापित नेपाली काँग्रेस पनि यस मामलामा चुकेको छ । बीपी काँग्रेसको मात्रै होइन, विचार र चिन्तनशीलहरुको समेत हो । बीपीप्रति कन्जुस्याइँको अर्थ अरु कुनै मान्यताले यहाँ उहाँको पूर्ति गर्न सक्दैन ।

विचार, विवेक र उन्मुक्त वैयक्तिक अभिव्यक्तिमाथि अनुदार अहिलेको सरकारी सत्ता आलोचनात्मक चेतप्रति बाधक छ । यही कारण बहुआयामिक बहस दमित छ । अवसर प्राप्ति वा सरकारी कोपभाजनको भयले धेरै 'स्वघोषित' बौद्धिक विवेकमाथि लगाम लगाइरहेका छन् । ऋतु अनुसार 'काक काक, पिक पिक' भनेको यथार्थ उद्घाटित भएको छ ।

यस्तै अँध्यारोमा प्रा डा. अभि सुवेदीजस्ता उद्भट अध्येता पनि छन् जसले बीपीको गहराइ बुझेर उद्घाटित गर्छन् । जननेता, जननायक र महामना बीपीले मागेर लिएको उपाधि होइन । अरुले मूल्यांकन गरेका विशेषण हुन् । प्रथम जननिर्वाचित प्रधानमन्त्री चाहिं जनताले दिएको उहाँको स्वआर्जन हो । महामनालगायत बीपी सापेक्ष विशेषणको मर्म प्रा.डा. सुवेदी र अर्का विद्वान् केदारभक्त माथेमाले व्यक्त गर्नु भएको हो । मेरो जानकारी भएसम्म नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले बीपीको वैशिष्ठ्य यसपटक गम्भीर बुझाइमा विश्लेषण (नयाँ पत्रिका, जयन्ती दिवसमा) गर्नुभएको छ । आधुनिक नेपालको परिकल्पनाकार, त्यसबखत बीपीले नेपाललाई प्रशासनिक इकाइ मात्र जस्तो भन्नु वा परराष्ट्र नीतिमा बीपीको दृष्टिलाई निधिले गहिरो अध्ययनमा प्रस्तुत गर्नुभएको छ ।

यस्तै सर्वोच्च नेता गणेशमान सिंहले तत्कालीन कम्युनिस्टहरुलाई मिलाएर नेतृत्व गर्नुभएको छयालीस सालको आन्दोलन बीपीको प्रस्तावभन्दा बाहिर थिएन निधिले उद्धरण दिनुभएको छ । उपसभापति निधिको बिछट्टै विशद् गाम्भीर्यको गुरुत्व पनि यो लेखले बहन गरेको माने । बीपीले आफूलाई राष्ट्रिय राजनीतिमा सामेल गराएको कृतज्ञ खुलासा पनि निधिले गर्नुभएको छ । चौधौं महाधिवेशन सम्मुख सभापति पदका उम्मेदवार (दाबा) काँग्रेस उपसभापति निधिको यो लेख अर्थपूर्ण त छँदैछ । त्यसभन्दा अतिरिक्त उहाँको सुझबुझ र अध्ययनको गहिराइ पनि लेखले कुशल बहन गरेको छ । जुनसुकै तहको किन नहोस् तर काँग्रेसमा यस्तो वैचारिकी क्षमता स्खलित छ । भन्नैपर्छ वरिष्ठ नेता रामचन्द्र पौडेल विचार र चरित्रको मामलामा अहिलेको संस्थापनभन्दा उत्तम उदात्त हुनुहुन्छ । काँग्रेसमा नैतिक चरित्रका पात्रहरु धेरै छन् । निधि स्वयं पनि हो ।

लहरै नाम लिँदा महामन्त्री शशांक कोइराला, डा.शेखर कोइराला, प्रकाशमान सिंह आदि सबै नैतिक चरित्रका इमानदार पात्र हुन् । क्षमता आआफ्ना हैसियत अनुकूल हुन्छ नै । बीपीलाई बुझ्ने आआफ्नै ढर्रा होलान् । समेट्ने, सुन्ने र विधिको मर्ममा हिँड्ने आन्तरिक लोकतन्त्रसँग भयभीत वा पेल्ने र ठेल्ने सभापति शेरबहादुर देउवाको निष्ठुरताले काँग्रेसका यस्ता हजारौं पात्र अहिले 'किं कर्तव्य विमूढ' बनाइएका छन् । पदको हैसियतले सभापति, अध्यक्ष वा प्रधानमन्त्री जो छ त्यसको 'पराक्रमी' गुटलाई संस्थापन भन्ने पहिचान राजनीतिमा सरल छ । लाग्छ वा बहस होला, संस्थापनको मान्यता पदको परिधिमात्रै होइन, विचार र चरित्रमा संस्थापनको प्रतिनिधित्व अर्केले लिएको स्वीकृति पनि स्थापित गर्नु न्याय हुन्छ । काँग्रेसमा यस्तै छ । पदीय संस्थापन सभापति देउवाको छ तर वैचारिक संस्थापन पौडेलसमेत उल्लिखित नामले पाउने स्पष्ट आधार छ । सभापति देउवा गुटको उपसभापति निधि वैचारिक चरित्र राख्ने अपवादमध्ये एक असल पात्र । उहाँ छायामा दमित होइन, अभिव्यक्त हुनसक्ने कारण ।

बीपीलाई काँग्रेसको मात्र ठान्ने र काँग्रेसले पनि आफ्नो मात्रै मान्ने कारण राष्ट्रिय राजनीति र जीवनमा खासै प्रभाव नराख्ने नेतालाई खुट्टा लगाएर कम्युनिस्टहरुले थैथै गरेको विचित्र तस्बिर पनि यहाँ छ । आफ्ना नेता, अग्रजलाई सम्मान वा अनुकरण गर्नु स्वाभाविक आचरण हो । यसको आलोचना असंगत हुन्छ । बेलुनको साइजभन्दा धेरै हावा दिनु पनि त्यस्तै असंगत हो । राज्य संयन्त्र सरकारी यस्तै प्रतिकार्यमा चालित भएको द्रष्टाशक्ति राख्नेको दृष्टिमा अवश्य परेको छ ।

यस्ता सन्दर्भबीच काँग्रेसले बीपीको यादमा शब्दगुच्छा वर्षाउँदै छ । यादमा तीन दिने कार्यक्रमको जानकारी पार्टी कार्यालयले दिएको छ । नीति, नैतिकता, विधि र विचारलाई नजिकै वाग्मतीको प्रदूषित प्रवाहजस्तै बनाएको आजको काँग्रेस नेतृत्वले राजनीतिक प्रदूषणमा कम्युनिस्ट सरकारसँग पदचाप मिलाएको छ । भोलि संलिएलान्, त्यो सम्भावनाको सपना हो तर अहिले वाग्मतीको दूषित पर्यावरण र नेपाली राजनीतिको कम्युनिस्ट प्रदूषण यथार्थ हो । प्रदूषणले आकण्ठ डुबेको काँग्रेस नेतृत्वले यी तीन दिनमा के सबक लेला ? नेपाली काँग्रेसले मूर्धन्य, इज्जतदार नेताहरु उत्पादन गरेको हो । जसको अविस्मरणीय योगदानवीच कुण्ठा, विवाद पनि थिए होलान् तर बीपीको चामत्कारिक व्यक्तित्वको प्रशंसा ती सबैले गरेका छन् । कारण ती सबैको प्रेरणा बीपी, ती सबैबाट प्रेरित हुन पनि जान्नुहुन्थ्यो । काँग्रेसको अग्रगामी इतिहास सित्तै निर्माण भएको होइन । मलाई लाग्छ, बीपीलाई बुझ्ने र बुझाइलाई उदार, हार्दिक अभिव्यक्ति दिने विषयमा सबैभन्दा स्पष्ट सहकर्मी गणेशमान सिंह हुनुहुन्छ । उहाँसँग भेटको सौभाग्यमा सुनेको र सर्वमान्य गणेशमान सिंह अलिकति पढेर पनि मैले उहाँको स्पष्टता बुझेको हुँ । नेपाली जनताको राजनीति गर्ने हो भने बीपी विमर्श र अनुशरण काँग्रेसको लागि पुनर्जीवन हो । लुते र लोलुप धारणाले हल्लिने चरित्रको अर्थ छैन ।

# नेपाली औषधि उद्योगको भविष्य

**उमेश प्रसाद रौनियार**

कोभिड(१९ ले गर्दा देश लकडाउनको स्थितिमा छ । यो विषयम परिस्थितिमा व्यापार व्यवसाय समेत ठप्प छ । हवाई तथा स्थलमार्गमा सवारी साधनहरु सहज रुपमा चल्न सकेका छैनन् । अधिकांश उद्योगहरु बन्द भएका छन् । त्यसको प्रत्यक्ष असर औषधि आपूर्तिमा परेको छ । वर्तमान परिपेक्ष्यमा मानिस घरभित्रै बसेका छन् । घर बाहिरको खाना खाजा खाने बानी पनि हराएको छ । घरभित्रै बसेका मानिसहरु शारीरिक व्यायाम पनि गरिरहेका छन् । सुधारिएको स्ववच्छताले पनि मानिसहरु कम बिरामी भएका छन् । अहिले मानिसहरु अस्पताल जाने क्रम करीब ८० प्रशितले घटेको छ । चिकित्सकहरु समेत अस्पताल एवं क्लिनीकमा सहज रुपले उपस्थित भएका छैनन् । जसको कारणले पनि नयाँ बिरामीहरु धेरै कम देखिएका छन् । यसको सिधा असर औषधिको बिक्रीमा परेको देखिन्छ । औषधिको व्यवसाय चिकित्सकको सल्लाह मार्फत हुने भएकाले औषधि बिक्रीमा धेरै ह्रास आएको छ । अहिले जीवनभर खाने औषधि जस्तै, उच्च रक्तचाप, मधुमेह, मानसिक रोगको औषधि मात्रै केही हदसम्म बिक्री भएको पाइएको छ । भारतमा अप्रिल २०२० मा औषधिको बिक्रीमा करीब १९ प्रतिशतले ह्रास आएको छ । जुन विगत ३ वर्षकै न्यूनतम बिक्री हो । भारतको नम्बर एक कम्पनीको बिक्रीमा पनि १७ प्रतिशतले ह्रास भएको छ । औषधिको बजार प्रवर्धन व्यक्तिगत रुपमा हुने भएकाले बजार प्रतिनिधिहरु पनि सहज रुपमा चिकित्सकलाई भेटी औषधि प्रवर्धन गर्ने अवस्था छैन । अन्तर्राष्ट्रिय बजारमा औषधिको कच्चा पदार्थको मूल्यमा अत्यधिक वृद्धि एवं नगदमा मात्र करोबार भएको छ ।

यो बाहेक उत्पादित औषधि एवं कच्चा पदार्थको ओसार पसारमा पनि निकै समस्या देखिएको छ । यस्तो विषम परिस्थितिमा केही औषधि उद्योग बाहेक अधिकांश उद्योगहरु बन्द छन् । न्यूनतम बिक्री र भुक्तानीको अवस्था रहेकाले औषधि उद्योगलाई कर्मचारीको तलब दिन पनि धौं धौं परेको छ । कहिलेसम्म यस्तो अवस्था रहन्छ भन्ने अझै यकिन नहुँदा औषधि उद्योग कसरी सञ्चालन गर्ने भन्ने अन्यौल छ । नेपालको कुल औषधिको खपतको करीब ४५ प्रतिशत उत्पादन नेपाली औषधि उद्योगले गर्छ । यदी स्वदेशी औषधि उद्योग बन्द भए देशमा औषधि अभाव हुने सम्भावना धेरै बढेको छ । मुलुकको विषम परिस्थितिमा स्वदेशी औषधि उद्योगलाई सरकारले संरक्षण गर्नु आवश्यक छ । सरकारले कर तिरको एवं कम्पनीको स्थापनाकालको आधारमा उद्योगको वगीकरण गरी व्याज एवं सहुलियत ऋण तथा थप पुँजीको व्यवस्थापन गरी ठोस नीति ल्याई उद्योगलाई बचाउन सक्छ । उद्योगको आपूर्तिमा श्रृंखलालाई सहज गरी औषधि आपूर्तिमा सघाउ पुग्ने थियो । सबै सरोकारवाला निकायहरु (नेपाल मेडिकल काउन्सिल, नेपाल औषधि उत्पादक संघ, औषधि व्यवस्था विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत) बीच आपसमा निरन्तर छलफल गरी औषधिको उद्योग संरक्षणको लागि नयाँ नीति तर्जुमा गर्न सकिन्छ । हेल्थ केयर प्रोफेसनललाई आत्मनिर्भर औषधिको बारे सचेतना गराई स्वदेशी उत्पादनलाई धेरैभन्दा धेरै प्रयोगमा ल्याउन पहल गर्न सकिन्छ । नेपाल औषधि उत्पादक संघ (एपोन)का सबै सदस्यले छलफल गरी सबै सरकारी स्वास्थ्य संस्थामा आत्मभिर्नर नेपाली उत्पादनलाई प्रतिष्पार्धात्मक मूल्यमा आपूर्ति गर्न सरकारसँग अनुरोध गर्न सकिन्छ ।

औषधि उद्योगले नयाँ नयाँ थोराप्युटिक सेग्मेन्टको पहिचान गरी न्यू थोरापि एप्रोचमा गृहकार्य गरी अति शिघ्र नयाँ उतपदन ल्याउन सक्छन् । सामाजिक दूरीको कारणले अब आउने दिनका लागि सबै फिल्ड फोर्सलाई सुरक्षित तरिकाले काम गराउने विधि एवं वातारण तयार गर्नुपर्ने देखिन्छ । बजार प्रर्वधन पूर्ण एवं आशिंक रुपमा डिजिटल प्लाटफर्ममा स्थानान्तरण गर्नुपर्ने आवश्यक छ । टेलीमेडिसिनलाई आगामी दिनमा उद्योगले बजार रणनीतिको रुपमा प्रयोग गर्न सक्नेछन् । क्वास फ्लो को अभावको अवस्थामा उद्योगले अनावश्यक खर्च कटौटी गरी अर्थ व्यवस्थापन गर्न सक्नेछन् । यस विपदको अवस्थामा मानव संशाधनलाई मानसिक एवं आर्थिक रुपमा व्यवस्थापन गरी मनोबललाई उच्च राख्न अति आवश्यक छ । स्थिति सामान्य भएको बेला यसले सहज प्रतिवद्धताको विकास गर्नेछ ।

अन्त्यमा अरबौंको लागनी एवं रोजगार दिने औषधि उद्योगको संरक्षणमा सबै सरोकारवालाको समयमै ध्यान पुगोस् ।

स्वस्थ पत्रकारिताको विकास स्वतन्त्र र हकअधिकारको जगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस् ।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ । त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं ।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
काठमाडौं - ११, काठमाडौं

# गणतन्त्रमा बिपी बिम्ब

**पिताम्बर भण्डारी**

बिपी कोइराला नेपाली आधुनिक राजनीतिक प्रणालीभित्रका शिखर पात्र हुन् । यसका पछाडि केही विशिष्ट कारण छन् । दोस्रो विश्वयुद्धपछि शासकीय पद्धतिमा आएका शून्यतामा दक्षिण एसियामा मौलिक प्रवृत्ति परिकल्पना, राजनीतिक दल राज्य सञ्चालनमा महत्वपूर्ण संयन्त्र भएको स्वीकारोक्ति र त्यसको अन्तर्राष्ट्रिय महत्वसहितको गठन अनि विपरीत दृष्टिकोणको सम्मान बिपी विशेषता हुन् । नेपालमा नागरिक अधिकारको अगुवाइ गर्ने, सामाजिक मुद्दालाई राजनीतिक आन्दोलनसँग जोड्ने, प्रजातान्त्रिक, वैधानिक र स्वतन्त्र संस्थाको परिकल्पना गर्ने अनि तिनको संस्थागत अभ्यासमा लाग्ने बिपी छोटो अवधि सत्ताको नेतृत्वमा बसेर पनि समाज पुनर्संरचना गर्न सकिन्छ भन्ने उदाहरण पस्केका व्यक्तित्व हुन् । घटनाक्रमले विद्रोह र सत्ताको निरन्तर नेतृत्वमा बिपीलाई स्थापित गऱ्यो । जस्तो कि, क्रान्तिपछिको गृहमन्त्री र पहिलो जननिर्वाचित प्रधानमन्त्री भइसकेको व्यक्तिले पुनः एकदलीय पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलनको पनि नेतृत्व गर्नुपऱ्यो । त्यो पनि लामो समयको कारावास र निर्वासनमै रहेर ।

विद्रोह गर्दा र सत्तामा बस्दाको निरन्तर क्रान्तिकारी भावना बिपीको वैयक्तिक स्वभाव बन्यो भने साहित्यमा झल्किने समाज र राजनीतिको चित्रण अनि राष्ट्रियताका सवालमा आन्तरिक शक्तिसँगको अविच्छिन्न सम्बन्धले नेपाली राजनीतिमा'बिपी चेतना' निर्माण भयो । पार्टी निर्माणको आह्वानमै देशभित्रको नागरिक अधिकार र छिमेकी देश भारतको स्वतन्त्रता केन्द्रमा राख्नु साना राष्ट्रहरूको अन्तर्राष्ट्रियस्तरमा बेजोड उपस्थिति हुन्छ भन्ने प्रमाण दिने र त्यो अडानमा नडगमगाउने नेतृत्व गुण पनि रह्यो उनमा । क्रान्तिपछि शक्ति बाँडफाँटमार्फत राणा नेतृत्वको मन्त्रिमण्डलमा र निर्वाचनमार्फत दरबारसँग जनताको प्रतिनिधिका हैसियतमा प्रस्तुत हुने सौभाग्य प्राप्त गरेका बिपीको राजनीतिक दृष्टिकोण संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि उत्तिकै सान्दर्भिक देखिएका छन् । बिपीकै विचार र नेतृत्वमा गठित र प्रशिक्षित दलकै नेतृत्वमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा र संविधानसभामार्फत नयाँ संविधान जारीसमेत भयो ।

कतिपय पुराना नेता तथा कार्यकर्ता एवम् विश्लेषकले त काँग्रेसले संवैधानिक राजतन्त्र छाडेर बिपी विचारमा अडिग रहन नसकेको आरोप पनि लगाउँछन् । २०४६ सालको आन्दोलनपछि भएका घटनाक्रममा काँग्रेस नेतृत्वको गतिविधि र त्यसबाट उत्पन्न परिस्थितिले यी तर्क प्रस्तुत गर्नेलाई पक्कै ऊर्जा थपेको छ । प्रतिपक्षी दलसँगको सम्बन्धबारे बिपीको आफ्नै अडान थियो– विचार फरक भएपछि आ-आफ्नो बेग्लै अस्तित्व हुन्छ तर त्यसको अर्थ निषेधको राजनीति होइन । बिपीको देहावसानपछि फरक विचारधारा भएका र आफ्ना राजनैतिक दस्तावेजमा दलाल पुँजीपतिको संज्ञा दिएर वर्ग शत्रु घोषणा गरेका दलहरूसँग काँग्रेस आन्दोलन सत्ता र निर्वाचन चिह्न सबैखाले मोर्चामा मिसिन पुग्यो । एकातिर काँग्रेसले सबै राष्ट्रिय शक्तिलाई संसदीय व्यवस्थामा ल्याएर प्रजातान्त्रिक प्रणालीमा स्थापित गराउन सफल भएकोमा गर्व गरेको छ भने अर्कोतिर तिनै शक्तिबाट प्रजातन्त्रमाथि खतरा भएको एजेन्डामा निर्वाचनमा होमिने गरेको छ ।

दरबारलाई साझा शत्रु मानेर आफ्नो सैद्धान्तिक जगभन्दा माथि नागरिक हक छ भन्ने 'रणनीतिक विश्वास' मा पुगेका दलहरू गणतन्त्र घोषणापछि आ-आफ्नै सिद्धान्तको टेको समात्न खोजेका छन् । एकदलीय कम्युनिष्ट व्यवस्था र साम्यवादलाई अन्तिम लक्ष्य मानेका शक्तिलाई यीबाहेक अन्य सबै व्यवस्था 'रणनीति' मात्र भएकाले खासै फरक परेन । तर, २०६२-६३ पछि संसदीय सर्वोच्चतालाई आधार बनाएको काँग्रेसमा सैद्धान्तिक चेत 'सुखद चुनौती' बन्न पुगेको छ । गणतन्त्रमा बिपी विचारको उपस्थिति केलाउन काँग्रेसको प्रजातान्त्रिक समाजवादी घोषणापत्र महत्वपूर्ण आधार बन्नसक्छ । २०१२ सालमा छैटौं राष्ट्रिय महाधिवेशन वीरगञ्जबाट स्वीकृत प्रजातान्त्रिक समाजवादी घोषणाको राजनीतिक व्यवस्थाअन्तर्गत राष्ट्रको सर्वोच्च पदमा'प्रजातन्त्रको आवश्यकताहरूलाई दृष्टिगत गरेर नेपालमा पनि इंग्ल्याण्डको जस्तो लचिलो राजतन्त्र' परिकल्पना गरेको काँग्रेसले भूमिसुधारलाई प्राथमिकतामा राख्यो । सरकारद्वारा किसानलाई कृषिका लागि पुँजी र ऋण मिनाहा, घरेलु उद्योगलाई प्रोत्साहन, प्रगतिशील कर प्रणाली, मुद्रा सुधार र ठोस बैंकिङ व्यवस्था, साधारण शिक्षाका साथै व्यावसायिक र औद्योगिक प्रशिक्षणजस्ता आधार सोही बखतका बाचा थिए जुन गणतान्त्रिक संविधानअन्तर्गतका पनि आधारस्तम्भ देखिएका हुन् ।

'वैधानिक राजतन्त्रअन्तर्गत प्रजातान्त्रिक समाजवाद' र नेपालको संविधान २०७२ ले परिकल्पना गरेको लोकतान्त्रिक समाजवादउन्मुख राज्यमा राजनीतिक प्रणाली फरक देखिएको छ । शिक्षा, स्वास्थ्य, समावेशिता र पहिचानका मुद्दा, गणतन्त्र नेपालका पनि उत्तिकै सान्दर्भिक विषयवस्तु हुन् । नयाँ संविधानको प्रस्तावनामा उल्लेख छः '...आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने...लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण... ।' वर्षौंसम्मको राजनीतिक आन्दोलनपछिको आर्थिक क्रान्तिको मृगतृष्णामा रुमल्लिएको देशमा घोषित र जनतासामु बाचा गरिएका योजना कार्यान्वयमा कुन शासनव्यवस्था उत्तम भन्ने बहसभन्दा पनि त्यसलाई हस्तक्षेप गर्ने दलीय संयन्त्र र प्रणाली कस्तो भन्ने प्रश्न पनि उत्तिकै सान्दर्भिक छ । झनै, गणतन्त्र घोषणापछि खुम्चिएको कूटनीति, प्रचारमुखी शैलीमा रमाएको सत्ता र प्रतिपक्ष, प्रजातान्त्रिक संस्थाहरूको आफूअनुकूल व्याख्या र प्रयोगले सामाजिक समस्याको उठान दलीय कर्तव्यभन्दा टाढा देखिन थालेको छ ।

प्रजातन्त्र प्रणालीप्रधान व्यवस्था हो, वैयक्तिक अग्राधिकार होइन । निश्चय पनि दलहरूको निष्ठा, इमान्दारिता अनि नेतृत्व विकास र चयनको स्वस्थ प्रतिस्पर्धा नै प्रजातन्त्रको मेरुदण्ड हो । यहाँ त बिपीलाई सम्झन पनि अधिवेशन पर्खनुपर्ने जस्तो देखिन्छ । ठूला परिवर्तनका अगुवाइ र निर्वाचनमार्फत तिनको संस्थागत गर्ने प्रयास गरेको काँग्रेसले बिपीको चिन्तन, दैनिकी सोच र दृष्टिकोणलाई महाधिवेशनको बेला नेतृत्व चयनको साँघुरो घेरामा लगेर कैद गरेको देखिन्छ । काँग्रेस आधुनिक राजनीतिक दलका रूपमा स्थापनाकालदेखि नै वैयक्तिक टकरावको शृंखलाबाट अगाडि बढेको दल हो । तर त्यो टकरावको पछाडि स्थापनाकालमा दरबारसँगको सम्बन्ध र क्रान्तिको विधि (हिंसात्मक( अहिंसात्मक) कारण बन्थे । पछिल्लो समय राष्ट्रियस्तरमा पनि बहस चल्दा नेताविशेषको नाममा वैयक्तिक गुणदोषका आधारमा र विरासतको लेपमा जबर्जस्त व्यक्तिको उठान गर्न थालिएको छ, प्रजातान्त्रिक समाजवादी एजेन्डा तटस्थ राखेर ।

कुनै बेला देशको विकास प्रणालीमा पिछलग्गु र दलाल पुँजीपतिको दरबारसँग निकटता देखाउने बिपीको काँग्रेस आज त्यसैको शिकार भएको भान हुन थालेको छ । सन् १९४७ जनवरी २६ मा नेपाली राष्ट्रिय काँग्रेसको प्रथम महाधिवेशनमा मन्तव्य राख्ने क्रममा'दाताहरूको सहायतामा नेपाली भाषामै साप्ताहिक पत्रिका काशीबाट प्रकाशित हुने......तिनीहरू सुगमतापूर्वक र छिटो प्राप्त गर्न हामीलाई विशेष चन्दास्वरूप कम्तीमा पाँच रुपैयाँका साथ आफ्नो ठेगाना अपेक्षित छ' भन्ने बिपीका भनाइ दृष्टिगत गर्दा आजका काँग्रेस अनि काँग्रेसीको आर्थिक व्यवस्थापन र आचरण के गणतन्त्र सुहाउँदो छ त ? जनता र व्यवसायमा कुन चाहिँ पहिले भन्ने मूल प्रश्न खडा हुन्छ यहाँ, गणतन्त्रमा बिपीको उत्तराधिकारीको दावा गर्ने जो कोहीलाई पनि ।

राजनीतिमा पदभन्दा सम्बन्ध र जिम्मेदारी अनि आदेशभन्दा मर्यादा प्राथमिकतामा राख्ने बिपी परिपाटी अहिलेको काँग्रेसमा कमजोर देखिएको छ । आबद्ध सबैलाई कुनै न कुनै पदमा रहनुपर्छ र पदबिना'राजनीति कर्म' असम्भव छ भन्ने भ्रमले गाँजेको छ । दलका विभिन्न संरचनामा नभएदेखि कुनै नेता विशेषको नाम अथवा मिल्दोजुल्दो स्वतन्त्र समूह सामाजिक सञ्जालमै घोषणा गरेर भए पनि पद लिने र बाँड्ने'पद संस्कृति' विकास भएको छ । समुदायमा रहेका नवीन समस्या पहिचान र त्यसको सम्बोधनका लागि पद नै चाहिन्छ भन्ने जबरजस्त आधार निर्माण गरिएको छ । मूल राजनीतिक संस्थाको सांगठनिक गतिविधि कमजोर भएका बेला समानान्तर तरिकाले नेता विशेषको छत्रछायामा बसेर गरिने यस्ता प्रवृत्तिले अन्ततोगत्वा दलभन्दा व्यक्तिप्रधानको संस्कृति निर्माण गर्छ । कुनै पनि सङ्गठन स्थापनाको एउटा ध्येय हुन्छ । राजनीतिक दलको ध्येय र दलनिकट जन्मने संस्थाले गर्ने मूल कार्यभारमा के फरक छ त ? जब एउटै समूह, दल र नागरिक समाजको वकालत एकै समयमा गर्न खोज्छ त्यसले'नागरिक वृत्त' को पहिचान साँघुरो बनाउँछ । यसै पनि गणतन्त्र स्थापनापछि नागरिक आन्दोलन नेपालमा कमजोर हुँदै गएको छ । कतिपय विश्लेषक र नागरिक अगुवाले बहस र संवादको वृत्तलाई प्रजातान्त्रिक परिपाटीभन्दा टाढा राख्छन् ।

उदाहरणका लागि- कुनै राजनीतिक दलको नेतृत्व'कस्तो' हुनुपर्छ भन्दा पनि'को' हुनुपर्छ भन्ने'उच्च वरीयता' को बहस नै चलेको छ । जुन बहस सम्बन्धित दलका स्थानीयस्तरसम्म खटिएका आम राजनीतिकर्मीबीच लैजान सक्ने छलफलको किसिम निर्माण गर्नुपर्थ्यो । जतिबेला बिपीले पार्टी र सरकारको नेतृत्व गर्दा भूगोल, जनजाति, महिला, पिछडिएका वर्ग र अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गरेका थिए, गणतन्त्र नेपालमा संवैधानिकरूपमा नै सुनिश्चित गरिएका बेला झन् त्यसको व्यावहारिक आगत पक्ष कमजोर देखिन्छ । अर्कोतिर अन्तर्राष्ट्रिय सम्बन्धको आयामका बारेमा नेपालले विश्व चरम ध्रुवीकरणमा रहेका बेलासमेत आफ्नो धारणा बनाउने हैसियत राखेको बिपी युगले आफ्नो राष्ट्रियताको बहससमेत अर्को देशलाई आधार बनाएर गर्न खोजेको देख्नुपरेको छ । यी यावत परिस्थितिबीच जसले सामाजिक आन्दोलनको अगुवाइ र आन्दोलनभित्र नै प्रजातान्त्रिक संस्थाको जगेर्ना गर्दै राजनीतिक आन्दोलनसँग जोड्ने क्षमता राखेको हुन्छ, उही नेतृत्वको बिम्ब हुन आउँछ ।

# काँग्रेसले उल्टो बाटोमा लगेको बीपीको समाजवाद

**डा. विजयप्रसाद मिश्र**

के नेपाली काँग्रेसले बीपीले देखाएको समाजवादको बाटो पच्छ्याएको छ ? काँग्रेसकै नेतामा दुईथरी तर्क छ । एकथरी भन्छ, पच्छ्याएको छ । अर्कोथरी भन्छ पच्छ्याएको छैन, बिर्सिएको छ । सत्य के हो त ? काँग्रेसको भनाई र गराईमा नै फरक भएकोले सत्य उनीहरुले भने अनुसार पक्कै छैन । आम नागरिकको नजरमा, चेतनशील नागरिकको नजरमा नेपाली काँग्रेसले विपीले देखाएको समाजवादको बाटो भुलेको छ । या भनौ बीपीको बाटोभन्दा उल्टोबाटो लागेको छ । के हो त वास्तविकता ? बीपी कोइरालालाई नेपालमा पटक पटक सम्झने गरिएको छ । भदौ २४ गते उनलाई सम्झनेहरुको लर्को नै लाग्छ । आमसञ्चार माध्यमहरुमा, अन्तर्वार्ता, वेभिनार, पुस्तक प्रकाशन, जर्नल प्रकाशन सबैतिर बीपीको गुनगानले भरिपूर्ण छ । यतिसम्म प्रशंसा गरिन्छ कि साच्चिकै उनी नभएको भए नेपालमा प्रजातन्त्र नै आउने थिएन । उनले नेपाल र नेपालीको लागि धेरै गरे । तर, के उनले भनेको समाजवादलाई नेपाली काँग्रेसले व्यवहारमा उतार्न कुनै प्रयास गऱ्यो त ? उनी पछि उनकै परिवारबाट पटक पटक प्रधानमन्त्री भएका गिरिजाप्रसाद कोइरालाले बीपीको सिद्धान्तलाई अंगिकार गरे त ? अहिले नेपाली काँग्रेसका दोस्रो पुस्ताका नेताहरु वा यूवा पुस्ता कसैले बीपीको समाजवादलाई व्यवहारमा उतारेका छन् त ? अपवादमा एक दुई नेता र कार्यकर्ता बाहेक सबैले बीपीको सिद्धान्तलाई माथी चढ्ने सिढीमात्र बनाएका छन् । बीपीको सिद्धान्त काँग्रेसको विधान, प्रतिवेदन र केही नेताको बोलीमा मात्र सिमित छ । व्यवहारमा कहींकतै देखिदैन ।

नेपाली काँग्रेसले बीपीको मृत्यु पछि राष्ट्रियतालाई धोती लगाइदिएको देखिन्छ । बीपीले राष्ट्रिय मेलमिलापको नीति लिएर भारतबाट नेपाल प्रवेश गरेका थिए । उनले भारतले नेपाली काँग्रेसलाई यूज गरिरहेको भन्ने चाल पाएर यस्तो कदम चालेका थिए । बरु राजासंग मिल्छु, तर देश बचाउँछु भनेर उनी राष्ट्रिय मेलमिलापको नीति लिएर आए । राष्ट्रियताको मामलामा राजा र मेरो घाँटी जोडिएको छ भन्न पनि भ्यायका थिए । तर जब उनको मृत्यु भयो त्यसपछि नेपाली काँग्रेसको रिमोट भारतको हातमा गयो । भारतको तत्कालिन सरकार नेपालको राजालाई कमजोर पार्न चाहन्थे । यहाँको हिन्दूधर्मको संगठनलाई कमजोर पार्न चाहन्थे । त्यसका लागि नेपालले हतियार किन्दा समेत भारतलाई नसोधी किन्न नपाइने भन्ने अंकुश लगाउन चाहन्थे । यहाँका राजा बीरेन्द्रले त्यो कुरा भित्री रुपमा मानेनन् । यसको रिस साध्न भारतले नकावन्दी गरेर नेपाली नागरिकलाई दुःख दियो;s । त्यो दुःखका बेला पनि नेपाली काँग्रेसले नेपालमा प्रजातन्त्र ल्याउने बहानामा भारतको सहयोग लिएर आन्दोलन गरेको थियो । भारतका नेता चन्द्र शेखर आएर खुल्लमखुल्ला आन्दोलनको पक्षमा बोले । भारतलाई नेपालमा आन्दोलन चाहिएको थियो । आफ्नो इशारामा चल्ने नेता नै यहाँको सत्तामा होस भन्ने चाहना थियो । त्यो भएर उनीहरुले नेपाली काँग्रेसलाई साथ थिए । समग्र आन्दोलनलाई साथ दिए । बहुदल आयो र जतिपनि प्रधानमंत्रीहरु भए सबै भारतको आर्शिवाद थाप्ने र उसकै आडभरोसमा सरकार संचालन गर्नेमा लागे । बीपीले भारतको स्वार्थका बारेमा भनेका कुरा सबै विर्सिए । अर्थात विपीको राष्ट्रियतालाई सत्ताको सौदावादीमा नेपाली काँग्रेसले खुइलाउँदै गयो । भारतले माओवादीलाई जोडतोडले सहयोग गरेर भारतमै सात दल र माओवादी बीच १२ बुँदे संझौता गराउनुमा पनि उसको स्वार्थ थियो । त्यो अहिले भारतीय केही बौद्धिक बर्गले पुस्तकमै लेखिसकेका छन् । राष्ट्रियता अहिले पनि खतरामा छ । बीपीले पाएको धोकाबाट सिक्नुपर्ने नेपाली काँग्रेसका नेता र अन्य पार्टीका नेताहरुले पनि भारतको सहयोग बिना सत्तामा पुग्न नै सकिदैन भन्ने सोचमा अघि बढे । जसले गर्दा अब धेरै ढीलो भइसकेको छ । नेपालको राष्ट्रियता खतरामा पुगेको छ । पछिल्लो समय धन्न प्रधानमंत्री केपी ओलीले बुझेरी भारतसंग घम्साघम्सी गर्दैछन् । सीमाको विवादमा अहिले पनि नेपाली काँग्रेसले पूर्ण राष्ट्रवादी भएको प्रमाणित गर्न सकेको छैन । आम नागरिकहरु काँग्रेसलाई शंकाको दृष्टिले हेरिरहेका छन् ।

समाजवादको सवालमा पनि नेपाली काँग्रेस धेरै पछाडी छ । बीपीको समाजवाद बीपीको समाजवाद भनेर सुगा रटाईमा मात्र कांग्रेस सिमित छ । यसलाई अहिलेको परिवेश सुहाँदो मोडल बनाएर प्रचारमा ल्याउन सकेको छैन । उसले नयाँ मोडल बनाएपनि अब नागरिकले पत्याउने स्थिति नै छैन । २०४७ साल पछि पटक पटक सरकारको नेतृत्व गरेको नेपाली काँग्रेसले धेरै सरकारको अधिनमा रहेको उद्योगहरु कमशिनको चक्करमा नीजि क्षेत्रलाई बेचेर बीपीको समाजवादीलाई एक चडकन हानेका छन् । चडकन हानेर पनि नभएपछि अमेरिका र यूरोप तिर पढेर अर्थशास्त्री भएकाहरुको डिजाइनमा काँग्रेस फस्यो र पुँजीवादको पोल्टामा गयो । यसले बीपीको समाजवाद जुन सादगी जीवनसंग पनि थोर बहुत मेल खान्थ्यो, सबै छोडेर शिक्षा, स्वास्थ्यलाई नीजि क्षेत्रको हालीमुहाली गराए । यसले बीपीको समाजवादको ढाड नै भाँचियो । नेपाली काँग्रेसको विधान, दस्तावेजहरु र उनीहरुका समर्थकले लेखेका पुस्तक र लेखहरुमा कतै विपीको समाजवाद आक्कल भुक्कल भेटिए पनि व्यवहारमा कोही नेता र कार्यकर्ताको आचरणमा त्यो झल्किदैन । लाग्छ बीपीको समाजवादलाई उनीहरुले खुइलाइसकेका छन् । खुइलिएको बीपीको समाजवादको सिद्धान्तलाई पुर्नजीवन दिने काममा काँग्रेस लागेको महसुश पनि गर्न सकिदैन ।

अहिले त बीपीको सिद्धान्तलाई काँग्रेस भित्र दुई धारबाट व्याख्या गरेर बीपीलाई विवादित बनाउने प्रयन्तमा छन् । नेपाली काँग्रेसका उपाध्यक्ष बिमलेन्द्र निधि एण्ड कम्पनीकाहरुले बीपीलाई गणतन्त्रवादी, धर्म निरपेक्षवादी थिए भनेर प्रमाणित गराउनमा जोडबल दिइरहेका छन् भने कोइराला परिवार भित्रका केही र हिन्दुधर्मका समर्थक नेपाली काँग्रेसका नेता कार्यकर्ताहरु भने वीपी गणतन्त्रबादी भन्दा राष्ट्रवादी हुनुहुन्थ्यो । देश बचाउनका लागि राजालाई कुनै न कुनै अस्तित्वमा राख्नै पर्दछ । राजासंगै मिलेर राजनीति गर्नु पर्दछ, कम्यूनिष्टहरुसंग मिल्नु हुँदैन । कम्यूनिष्टको सिद्धान्त बाह्यि सिद्धान्त हो त्यो नेपालको माटो सुहाउँदो छैन भन्ने देखाउन जोडबलले लागेका छन् । उनीहरुको तर्कमा बीपीले धर्म निरपेक्षताको कुरा मानेका होइनन् । बीपी धार्मिक स्वतन्त्रताको पक्षमा थिए भन्ने गरेका छन् । धर्म निरपेक्षता भनेको कुनै पनि धर्म नमान्नु हो भने धार्मिक स्वतन्त्रता भनेको सबैधर्म स्वतन्त्र हुनु भन्ने हो । कम्यूनिष्टहरु कुनै धर्म मान्दैनन् त्यसैले उनीहरु धर्मनिरपेक्षतावादी भए र नेपाली काँग्रेसले सबै धर्म मान्नेहरुको संरक्षण गर्नु पर्दछ । धर्ममा राज्यले कसैलाई हस्तक्षेप गर्नु हुदैन भनेर धार्मिक स्वतन्त्रता भन्ने शब्द रोजेका थिए । त्यसअनुसार जानु पर्दछ भन्नेमा अघि बढी रहेका छन् । यी दुबै समुहको बीपीको विचारमा व्याख्या फरक फरक ढंगले आइरहेको छ ।

बीपीले आफ्नो विचार फैलाउन देश दौडाहा गरेका थिए । गिरिजाप्रसाद कोइराला पनि देश दौडाहा गर्नका सक्रिय थिए । अहिले डा. शेखर कोइरालाले देश दौडाहा गरेर काँग्रेसको नेता कार्यकर्ताहरुको मन जित्ने प्रयास गरिरहेका छन् । तर अबका दिनमा देश दौडाहा गरेर मात्र पुग्दैन । सञ्चारको यूगले अहिले बोलेको कुरा क्षणभरमै संसारमा फैलिन्छ । त्यसैले नेपाली काँग्रेसको अबको नेतृत्वले बीपीको सिद्धान्तलाई सुगा रटाईको रुपमा मात्र अनुशरण नगरेर कसरी उनको सिद्धान्तलाई अहिलेको परिवेश अनुसार व्यवहारमा उतार्न सकिन्छ भन्ने मोडल बनाउन आवश्यक छ । लगभग सिद्धान्त विहीन भएर गुटको राजनीति तर्फ उन्मुख भएको नेपाली काँग्रेसले बीपीलाई संझने मौकामा त्यस्तो केही काम गर्नु पर्ने थियो । तर त्यो गरेको पाइदैन । औपचारिकतामा सिमित भएर सिद्धान्तमा खडेरी परिरहेको काँग्रेसलाई विचारमा आधारित पार्टी बनाउनु पर्नेमा काँग्रेस बीपीको बाटोमा नहिडेर उल्टो बाटो समात्दै छ । उल्टो बाटोले केही नेताहरुलाई प्रधानमंत्री, मंत्री बनाउला तर समग्र धेरैको उन्नती हुन सक्दैन । बेलैमा बीपीको मूलबाटो तर्फ नेपाली काँग्रेस लाग्न आजको दिनले उनीहरुलाई प्रेरणा देओस । बीपीको

समाजवादलाई खुलाउनेहरुलाई नेपाली काँग्रेसका जिल्ला तहका कार्यकर्ता र नेताहरुले चिनेर उनीहरुलाई नेतृत्वबाट पन्छाउन सक्ने कदम तल्लो संगठन देखिनै चाल्नु पर्दछ । राष्ट्रियता, लोकतन्त्र र समाजवाद भन्ने काँग्रेसहरुले अबदेखि समाजवाद, लोकतन्त्र र राष्ट्रियताको कुरा गर्नु पर्दछ । अर्थात पहिले समाज हेर्ने, त्यसपछि लोकतन्त्र । लोकतन्त्र भएमा मात्र राष्ट्रियताको लागि लड्न सकिन्छ । नेपाली काँग्रेसले शुरुमा राखेको राष्ट्रियतालाई पनि बीपीले जस्तो संवेदनशील भएर हेर्ने गरेको छैन । काँग्रेस गणतन्त्रका लागि कम्यूनिष्टहरुसंग सती गयो । काँग्रेसले बीपीको सिद्धान्तलाई नै विर्को लगाइदियो भन्नेहरु काँग्रेस भित्रै छन् । काँग्रेसमा अहिले समाजवादको मोडलमा बहस हुँदैन । उनीहरु कसरी नेतृत्वमा जानेभन्नेमा सिमित छन् । नेतृत्वमा पुगेपछि समाजवादको मोडल बनाउँला भन्नेमा गएका देखिन्छन् । सभापति बन्ने होडमा रहेकाहरुले बैचारिक कुरा गर्दैनन् । बिचारको राजनीति काँग्रेसमा शुन्य प्रायः भइसकेको छ । तसर्थ बीपीलाई सम्झनाका लागि मात्र सम्झिएर भएन । आफैमा विपीको विचारलाई दुईधारमा व्याख्या गरेर समेत भएन । नागरिकलाई चाहिएको मूख्य कुरा जीवन गुजारा सरल र सहज ढंगले होस भन्ने हो त्यसका लागि बीपीको समाजवादको मोडललाई डेन्टिङ्पेन्टिङ् गरेर चम्किलो बनाउने तर्फ लाग्नुहोस । हैन भने नेताहरुले त यसलाई खुइलाएर चिन्नै नसक्ने बनाइसकेका छन् । ती खुइलाउने नेताहरुलाई यहाँहरुले पनि आगामी काँग्रेसको महाधिवेशबाट खुइलाइदिने अभियान सञ्चालन गर्ने हो कि ? कित अन्धभक्त भएर बीपीले देखाएको बाटो छोडेर उल्टोबाटो हिडनेहरुलाई नै नेता मानेर हिड्ने ? फैसला गर्ने पालो काँग्रेसका तलदेखि माथिसम्मका बीपी विचारकहरुको हातमा छ ।

**छोरासरह छोरीलाई पनि स्कुल पढ्न पठाऔं ।**

# प्रगतिवादी दृष्टिकोण र दृष्टिदोष

**श्याम अधिकारी**

हाम्रो देशका प्रगतिवादी लेखक र विचारकहरुको इतिहासलाई बुझ्ने र हेर्ने दृष्टिमा मार्क्सवादले इङ्गित गरेको वैज्ञानिक दृष्टिकोण विकसित भइनसकेको महसुस उनीहरुका सार्वजनिक भएका विचारबाट प्रष्ट हुन्छ । खासगरी पृथ्वीनारायण शाह र भानुभक्त आचार्यलाई हेर्ने र बुझ्ने सवालमा प्रगतिशील लेखक र बुद्धिजीवीहरुले व्यक्त गरेका विचार र मूल्याङ्कनलाई हेर्दा र पढ्दा अझै पनि उनीहरुमा इतिहासलाई सही ढङ्गले बुझ्ने वैज्ञानिक दृष्टिकोण विकसित नभएको हो कि भन्ने महसुस हुन्छ । आदिम साम्यवाद, दासप्रथा या राज्यको विकास र तत्कालीन जनजीवनका कुरा त परैका भए डेढ दुई सय वर्षअघिका सामन्तवादी समाजलाई हेर्ने बुझ्ने सवालमा पनि प्रगतिवादीहरु अझै प्रष्ट हुन नसकेको देख्दा भने यसबारे केही विचार व्यक्त गर्न आवश्यक देखिन्छ । पृथ्वी नारायण शाह र भानुभक्त दुवै नेपालका सामन्तयुगीन यस्ता पात्र हुन् जसले नेपाली समाजलाई त्यसबेलादेखि अहिलेसम्म प्रभावित पारेका छन् । शाह त स्वयं राजा भएकाले सत्ताका शिखर पुरुष नै भइगए भने भानुभक्त नेपालको तत्कालीन सत्तासीन संस्कृतिका अगुवा वर्गकै एक बौद्धिक पात्र हुन् । सत्तासीन वर्गका भएका हुनाले स्वभावत: उनीहरुको प्रभाव र स्वामित्व पनि बढी नै थियो र छदैछ तर दुवै पात्रका विचार र कार्यप्रति असहमत र विरोधी पनि त्यसबेला पनि थिए र अहिले पनि छन् । दुवै पात्रको तत्कालीन र दीर्घकालीन महत्व के हो त ? भन्ने कुरालाई बुझ्न उनीहरुले काम गरेर बिताएको सामन्तवादी युगलाई बुझ्न आवश्यक हुन्छ । सामन्तवादी युगका कार्य के कस्ता हुन्थे, त्यस युगका राजाको काम के हुन्थ्यो, उद्देश्य के हुन्थ्यो र हाम्रो समाजको सामन्तवादी संस्कृतिका अगुवा ब्राह्मणहरुको सोच केकस्तो हुन्थ्यो र दृष्टिकोण के हुन्थ्यो भन्ने कुरा हृदयङ्गम गरेपछि सामन्तवादी युगका उक्त दुवै पात्रको योगदानको मूल्याङ्कन गर्न सकिन्छ ।

सबै सामाजिक अध्येतालाई थाहा भएकै कुरा हो सामन्तवाद मानव सभ्यताको इतिहासको एउटा चरणमा अनिवार्य देखापर्ने छुट्टै समसामयिक राजनीतिक, आर्थिक, सामाजिक प्रणाली भएको व्यवस्था हो । यो व्यवस्थामा एकातिर शक्तिशाली युद्धसरदार-सामन्तहरु हुन्छन् । तिनको सत्ता नै राज्यसत्ता हुन्छ । तिनले आफ्नो अधिकार क्षेत्रभित्र बसेका मानिसबाट कर असुल्छन् । आफ्नो अधीनमा भूदास, अर्धदासबाट आफूलाई चाहिने आवश्यकताका वस्तु उत्पादन गराउँछन् । आफ्ना सेनाको सहयोगले अराजक बर्बर समुदायबाट हुने लुटपाट रोक्छन् र ऐश्वर्य वृद्धि गर्ने महत्वाकांक्षा भएका सामन्तहरुले वरपरका अरू सामन्तलाई जितेर शक्तिशाली र सम्पन्न हुने प्रयास गर्दछन् । सर्वसाधारण जनता र अर्धदासहरुमाथि हैकम जमाउन सामन्तहरु सधैँ शक्तिको प्रयोग गर्दछन् र वैदिक र बौद्ध धर्म र संस्कृति अपनाई आएका हाम्रो यस भूमण्डलमा ती संस्कृतिका धर्म गुरु र अगुवाहरु पनि शक्ति र सम्पन्नताका लागि तिनै सामन्तहरुको साथ हुने गर्दछन् । अर्कातिर सर्वसाधारण जनता र अर्धदासहरु माथि भनिए झैं सामन्तहरु कोही शक्तिशाली, महत्वाकांक्षी, चतुर धूर्त, सिपालु हुन्छन् । तिनलाई साथसहयोग पनि राम्रो जुट्दै जान्छ र तिनले आफ्ना वरपरका सामन्त मात्र होइन ठूलठूला राज्य पनि अधीनमा पार्छन् । यो सामन्तवादको प्रकृति नै हो । दुई हजार वर्षभन्दा अघि नै यस्तै युद्ध सरदारले भारतभरका सबै राज्य कब्जा गरेर मौर्य साम्राज्य नै खडा गरेका थिए । ती पनि सामन्ती नै थिए । नेपालमा पनि लिच्छवि राजा मानदेव र अंशु बर्माहरुले पूर्वपश्चिम धेरैतिर जितेर ठूलो राजा भएका थिए र आफूहरुलाई महासामन्त कहलाउन गर्व गर्थे । सामन्तवाद र सामन्तवादी राजाहरुको यो क्रम यस भूमण्डलमा करिब दुई हजार वर्षदेखि चलिरहेको छ । यस्ता थुप्रै राजाका कथाले भरिएका छन् हाम्रा साहित्य, पुराण वेद र इतिहास लगायतका एतिहासिक ग्रन्थहरु । सामन्तीहरु सामन्तका नाइके राजाहरु, सम्राटहरु विचित्रका थिए । कोही स्वभावले दयालु थिए, कोही क्रूर थिए, कोही सन्काहा अपराधी थिए, कोही प्रेममा पागल थिए । कोही बलात्कारी थिए । सामन्तहरु भोग विलासका अनेक साधन प्रयोग गर्थे । मानव जातिकै आधा भाग रहेका नारी वर्ग पुरुष सामन्तका भोगका साधन मात्र हुन्थे । आफ्ना महलमा सयकडौं नारीलाई थुनेर पाल्ने नर ईर्ष्या प्रदर्शन गर्थे कोही । कोही हट्टाकट्टा नवयुवालाई बाघसँग कुस्ती खेलेको हेर्न भिडाएर आनन्द लिन्थे । कोही प्रेममा पागल भएर ताज महल बनाउँथे । कसैले रानी पोखरी बनाए । मान्छे मार्नमा नामुद सम्राट अशोकले लुम्बिनीमा आएर अहिलेसम्म पनि नष्ट न हुने किसिमको स्तम्भ खडा गरी ब्राह्मी लिपिमा इतिहास छोडेर गए । यस्तै सामन्ती राजाहरुको आवश्यकता पूरा गर्न अनेकौं रसिला काव्यका रचना गरिए । आयुर्वेद, वास्तु शास्त्र, तन्त्र मन्त्रको विकास गरियो । यो सब भन्नुको तात्पर्य सामन्तवाद मानव सभ्यताको एउटा चरण थियो, जहाँ मानिसले पहिले कहिल्यै नगरेको विकास गरेर देखायो । सामन्तहरुको आवश्यकता पूर्ति गर्न । त्यो सर्वसाधारण जनताको आवश्यकता पूरा गर्न होइन सामन्तहरुको खाँचो टार्न । तर यसै प्रयोजनका लागि भए पनि जे आविष्कार भयो त्यो तिनले मरेर जाँदा लिएर गएनन् बरु मानव जातिले केके अद्भुत चमत्कार गर्न सक्छ भन्ने देखाएर गए । अहिलेको आधुनिक युग भनेको सामन्तवादको युग होइन । यो पुँजीवाद पनि मरणासन्न अवस्था पुगेको युग हो । अर्थात् समन्तवाद पछिको आर्थिक सामाजिक राजनीतिक र सांस्कृतिक प्रणाली पनि मानव जातिले कसरी फेर्ने भनेर सोच्न थालेको युग हो यो । तर यी युगहरु विश्वमा सबैतिर समान रूपले फेरिएका छैनन् । कतै सामन्तवाद कुनै न कुनै रूपमा जीवित छ । कतै सामन्तवादको अन्त्य गरेर छाएको पुँजीवादी प्रणाली छ त कतै त्यसभन्दा अगाडिको समाजवादी प्रणालीको समाज छ । तर जुनसुकै युगमा भए पनि जुन कारणले सामन्तवाद र पुँजीवादलाई विस्थापित गरेर समाजवाद आउँदैछ ती कारणलाई पन्छाएर मानव जातिलाई उपयोगी हुने कुरा त मानवले अहिले पनि स्वीकार गरिरहेकै छ नि । हामीले रानी पोखरीलाई सामन्तवादी प्रताप मल्लले बनाएको भनेर पुरिदियौं भने हामीलाई नै नोक्सान हुन्छ । हो, पोखरी अब रानीको मात्र हुनसकेको छैन । सामन्तवादी युगमा सान्तवाद अनुरूपका काम भए ती न प्रगतिशील थिए न प्रतिगामी नै । ती आफ्नो ठाउँमा जे थिए, जे भए समय अनुरूप भए सामन्तवादी भए । हामीले स्वीकार गर्ने त्यति नै हो । हामी फर्केर त्यहाँ पुग्न सक्तैनौं र पुग्न पनि हुँदैन । तर हामी कहाँ प्रगतिवादी बुद्धिजीवीहरुले त्यसो भनेनन् । एउटा सानो उदाहरण- नेपालका प्रगतिवादी लेखक मोदनाथ प्रश्रितले यस सन्दर्भमा लेख्नु भएको छ- पृथ्वी नारायण शाहले नेपालका राजा रजौटा हराएर केन्द्रीय सामन्ती राज्य खडा गर्नु प्रगतिशील कुरा थियो । उहाँ अगाडि लेख्नु हुन्छ- सामन्तवादी विचार र साहित्य त्यसबेलाको नेपाल निम्ति अझै पुरानो र प्रतिक्रयावादी भइसकेको थिएन । (भानुभक्त जनताका लागि अभिशाप या वरदान, सङ्कलित रचना खण्ड–७)

अर्कातिर अर्का प्रगतिवादी समालोचक गोविन्द भट्टको उद्धरण उहाँले नै यसरी दिनु भएकोछ– (भानुभक्तको ) रामायण, भक्तिमाला र वधुशिक्षाले नेपाली जनताको निम्ति मुक्तिको ओखती न भएर दासत्वको बन्धन हुन पुगेको छ । यसरी भानुभक्त नेपाली जनताका लागि वरदान नभएर अभिशाप नै सिद्ध भएका छन् । यसरी प्रगतिवादी बुद्धिजीवीहरुको दुई ध्रुव नेपाली बौद्धिक क्षेत्रमा पनि देखिएको छ, जो सामन्तवादलाई उपर्युक्त स्थापित मान्यता विपरीत व्याख्या गर्दै आएको छ । सामन्तवादी युगका सामन्तहरु, राजाहरु र त्यस बेलाका समाजका सचेत शिक्षित वर्गले सामन्तवादी समाजको सभ्यताको स्तर, तत्कालीन आवश्यकता अनुरूपका काम गर्ने गर्दथे र उनीहरुले अघिल्लो दास प्रथाभन्दा सभ्य र आधुनिक पद्धतिको जीवन निर्वाह गरेका थिए । पहिलेभन्दा सोचाइमा परिष्कार थियो, भौतिक संरचनामा आधुनिक वैज्ञानिक दृष्टि अपनाइएको थियो । संरचनामा दिगोपना थियो । पहिलेभन्दा बर्बर बानी व्यहोरा हुँदैनथ्यो, सभ्यताको एउटा मापदण्डभित्र काम गरिन्थ्यो । उन्नत र आधुनिक उत्पादनका साधन र हतियारको प्रयोग हुनथालेको थियो । तर त्यो पुँजीवादी समाजको भन्दा पछौटे, बर्बर, क्रूर थियो । प्रगतिवादीहरुले अर्थात् पुँजीवादीभन्दा विकसित समाजवाद चाहनेहरुका लागि त त्यो सभ्यता प्रगतिशील हुने कुरै हुँदैन । सामन्तवादी प्रणालीमा सामन्तहरुले जे गरे त्यो सामन्तवाद प्रणाली अनुरूप, सोच अनुरूप थियो । पृथ्वीनारायण शाहले हामी अहिलेका नेपालीका लागि भनेर रजौटाहरुसँग युद्ध गरेर नेपाल बनाएका होइनन्, उनले त मुलुक आर्जेका मात्रै हुन् भनेर आफैं स्वीकार गरेका छन् । उनले त नेपाल खाल्डो कब्जामा लिएर गोर्खा राज्यलाई धनी र शक्तिशाली बनाउने उद्देश्य राखेको कुरामा शङ्का छैन । नेपाल खाल्डो जित्न सुनकोसीसम्म कब्जा गरेपछि पूर्वका हरिनन्दन उपाध्यायले म पैसा खर्च गर्छु पूर्व पनि हान भनेपछि मात्र उनी पूर्व लागेका हुन् । भन्नुको तात्पर्य पृथ्वीनारायण शाहलाई मैले प्रगतिशील काम गरे भन्ने थिएन, बरु एउटा सामन्ती राजाले गर्नुपर्ने कर्तव्य गर्दैछु र गरे भन्ने थियो । अनि हामीले अहिले आएर किन उनलाई प्रगतिशीलताको घाँडो भिराइदिने ? तर जसरी शाहजहाँले आफ्नी प्रेमिकाका लागि बनाएको ताजमहल आज पनि मानव जातिले उत्कृष्ट संरचनाको रूपमा उपयोगी ठानेर स्वीकार गरेको छ, जसरी एक सामन्ती र यौनपिपासु राजा प्रताप मल्लले आफ्नै आनन्द र स्वार्थका लागि बनाएको रानी पोखरी हाम्रो सभ्यता र शोभा बनेको छ त्यसैगरी पृथ्वीनारायण शाहले युद्धबाट आफ्नै लागि एकीकरण गरेको गोरखाहरुको मुलुक आज सबैको लागि नेपाल स्वीकार्य बनेको हो र छ पनि । यसमा कहाँसम्म प्रगतिशील र कहिलेदेखि प्रतिक्रियावादी भन्ने कुनै सीमा रेखा कोर्नै सकिँदैन । यसैगरी भारत एकीकरण गर्ने पुँजीवादी उपनिवेशवादी इस्टइन्डिया कम्पनी चाहिँ प्रतिक्रियावादी र त्यसका विरुद्ध युद्ध गर्ने नेपालको सामन्तवादी राजतन्त्र चाहिँ प्रगतिशील भन्ने पनि प्रगतिशील लेखकहरुले भ्याएका छन् । तर प्रगतिशील शक्तिले किन युद्धमा हार खानुपर्यो, त्यसको मूल कारण खोजिएन नत स्वीकारियो । वास्तवमा त्यो युद्ध सामन्तवाद र पुँजीवादी उपनिवेशवादीबीच थयो । स्वाभाविक रूपमा पुँजीवादले जित्यो ।

अब भानुभक्तको कुरा गरौँ । भानुभक्त पनि सामन्तवादी युगका एक लोकप्रिय नेपाली कवि हुन् । जसरी नेपालको पुरानो सामन्ती युगको सात सालमा अन्त्य भयो र अर्धसामन्ती दलाल पुँजीवादी प्रणाली विकसित भयो र यहाँको साहित्य कला र संस्कृतिमा ढुलमुले खिचडी विचार मूल प्रवाह बन्न पुग्यो । जस्तो लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण समहरु सिद्धिचरणहरुले त्यो युगको प्रतिनिधित्व गरे । तिनलाई पनि हामीले प्रगतिशील कि प्रतिगामी भनेर कित्ताकाट गर्न आवश्यकता नै छैन । त्यसैगरी पुरानो सामन्तवादी नेपाली साहित्यका मूल प्रतिनिधि पात्र भानुभक्त आचार्य थिए । त्यसैले भानुभक्तले नारी मुक्तिविरोधी विचार दिएका थिए वा अध्यात्मवादको जरो गाडिदिए भनेर न हामीले अभिशापको रूपमा लिनु आवश्यक छ न त उनले अध्यात्मवाद अँगाल्नु त्यसबेला प्रगतिशील कदम थियो भनेर उनलाई क्रान्तिकारी बनाउनुपर्ने आवश्यकता छ । हाम्रो समाजमा जबसम्म सामन्तवादी संस्कार रहन्छ तबसम्म भानुभक्तको अध्यात्म रामायण लोकप्रिय नै हुन्छ, सामन्तवादी संस्कारकै कारण पृथ्वीनाराण शाहलाई महान राष्ट्रवादी प्रगतिशील देखेजस्तै । सामन्तवादी परम्परा विभिन्न रूपमा संस्कारका रूपमा हाम्रो अर्धसामन्ती समाजमा अझै हाम्रा कतिपय मन मस्तिष्कमा विभिन्न ढङ्गले जीवित छँदैछ । दौरा सुरुवाल मनपर्नु, लय हालेर रामायण पढ्नु यी हाम्रा संस्कृति पनि हुन्, सामन्तवादी संस्कार पनि । हुनसक्छ सामन्तवादका यी हाम्रा लागि धरोहर हुन् । अब प्रगतिवादी हुँ भन्ने लेखक र बुद्धिजीवीहरुले आफूलाई तिनै सामन्तवादीहरुलाई आफ्ना पुर्खा ठानेर तिनले खनेको बाटोलाई चिल्लो र फराकिलो बनाउने, नयाँ विचार र नयाँ दिशा पहिचान गर्ने दृष्टिकोण बनाउनुपर्दछ । दृष्टिकोण गलत भयो भने हामी प्रतिगामी बन्दछौं । हामीले युगको प्रतिनिधित्व गर्न सक्नुपर्दछ ।

# अनौठो मनोरोग कन्भर्सन डिसअर्डर : कसरी लाग्छ ? उपचार के ?

**डा सिपी सेडाई**

रमा २५ वर्षीया युवती हुन् । उनको विवाह भएको एक वर्ष भयो । उनी अहिले आफ्नो घर (श्रीमान्को घर) मा छिन् । श्रीमान् सउदी अरबमा काम गर्न गएको ६ महिना भयो, चिठी आदानप्रदान भइरहन्छ । रमाका साथमा नन्द, देवर, सासु, ससुरा छन् । विगत एक महिनादेखि उनमा अनौठो समस्या देखिन थाल्यो । घरमै बसिरहेका बेला एक्कासि काम्न थालिन् र बोल्न थालिन्, 'म देवी हुँ, तँलाई मार्छु, तँलाई खान्छु, तेरो सन्तानलाई नाश गर्छु ।' यस्तो समस्या एक घन्टासम्म रह्यो । सारा मानिस जम्मा भए, सबै छक्क परे । एक घन्टापछि उनी जस्ताको तस्तै भइन् । कति मानिसले रमालाई बोक्सी भने । कसैले देवताको रुप भने, कसैले देवताको पूजा गरी बलि दिएपछि निको हुन्छ भने । उनको समस्या त्यसै निको भएकोले त्यो दिन केही गरिएन । तर भोलिपल्ट, पर्सिपल्ट गर्दा गर्दै हालसम्म पनि उनको समस्या दिनदिनै देखा पर्छ । धामी, झाँक्री लगाइयो तर निको भएन । अहिले उनी अस्पतालमा उपचार गराइरहेकी छिन् । रमाको मनमा दबिएका कुरा बाहिर निकाल्नुका साथै औषधिको प्रयोग गर्नाले अहिले रोग निको भएको छ । यस्तो रोगलाई कन्भर्सन डिसोसिएटिभ डिसअर्डर भनिन्छ ।

मनमा रहेका आन्तरिक पीडा विभिन्न लक्षणका रुपमा देखिने रोगलाई कन्भर्सन डिसअर्डर भनिन्छ । हाम्रो समाजमा महिलाले खुला रुपमा आफ्ना समस्या बताउन नसक्नु र पीडा सहेर बस्नु यो रोगको कारण हुन जान्छ । त्यसो त पुरुषमा पनि यस्तो समस्या नभएको होइन । वर्षौंदेखिका तितामिठा अनुभव मष्तिस्कमा जम्मा भई बसेका हुन्छन् । कतिपय यस्ता समस्या मनमा खुला रुपमा भने देखिँदैनन् तर सपनामा वा अदृश्य रुपमा बोलीमा यी कुरा निस्कन्छन् । वास्तवमा यी बेहोसी मष्तिस्कमा रहेका पीडादायी कुराहरु बिरामीलाई बाहिरि रुपमा थाहा नहुन पनि सक्छ । त्यसैले अचानक यी पीडादायी कुरा एकाएक शारीरिक लक्षणका रुपमा देखिन थाल्छन् । जस्तै: अचानक बोली रोकिने, हातखुट्टा नचल्ने, काम्ने र बक्ने आदि । यो रोग आफैंमा अनौठो मानिन्छ । किनभने बिरामीले केही समस्याको लागि अनौठा लक्षण देखाउँछ । १-२ घन्टामा बिरामी जस्ताको जस्तै हुन्छ । जस्तै: श्रीमान्-श्रीमतीको बीचमा अचानक झगडा भयो । अर्को दिन श्रीमतीको खुट्टा नचल्ने भई अस्पताल आउँछिन् । नशाको परीक्षण गर्दा सबै ठिक नै हुन्छ तर बिरामीले खुट्टा चलाउन सक्दैन । अर्को अनौठो कुरा के छ भने, बिरामी खुट्टा चलाउन नसक्ने हुँदा पनि कुनै चिन्तित देखिँदैन । बेहोसी मस्तिष्कमा रहेको पीडाले उक्त खुट्टा नचल्ने भएको हुनाले यस्तो भएको हुन्छ ।

कतिपय बिरामीलाई बोक्सी लाग्यो भन्ने चलन पनि छ, जुन साँचो होइन, अन्धाविश्वास मात्र हो । कुखुरा, परेवा, बोका बलि दिने पुरानो रुढीवादी परम्परा गलत साबित भएको छ । हाल यस्ता खालका बिरामी विभिन्न लक्षण लिई अस्पताल आउँछन् ।

- बिरामी 'म अब फेन्ट हुन लागेँ' भनेर अरुलाई बोलाउँछ र बेहोस हुन्छ । ऊ बोल्न नसक्ने हुन्छ, तर अन्य जाँच गर्दा सबै ठिक हुन्छ । बिरामी घोर रोगको बिरामी जस्तै देखिन्छ । बिरामी काम्ने र अर्को मानिस भएर बोल्छ । जस्तै: 'हेर हेर म तँलाई मार्छु र खान्छु' आदि । फेरि केही समयपछि बिरामी जस्ताको तस्तै हुन्छ ।
- कोही बिरामी आँखा नदेख्ने बताउँछन् ।
- कोही बिरामी हात वा खुट्टा नचलेको बताउँछन्, बिरामी हिँड्न सक्दैन ।
- कोही बिरामी शरीरको संवेदना थाहा पाउँदैनन् । जस्तै: हातमा छोएको थाहा हुँदैन ।
- कोही बिरामी बोल्न सक्दैनन् । इशारा माग गर्छन् ।
- कोही बिरामी दमको रोगी जस्तै छिटोछिटो श्वास फेर्छन् ।
- कोही बिरामी केही समयको घटनाको बारेमा केही थाहा नभएको बताउँछन् ।
- कोही बिरामी अचानक अर्कै ठाउँमा पुग्छन्, त्यहाँ कसरी आएँ भन्ने कुनै जानकारी हुँदैन ।
- कोही बिरामी भने उल्टो कुरा गर्ने गर्छन् । सोधिएको प्रश्नलाई बङ्ग्याई उत्तर दिने, सजिलो प्रश्नको उत्तर नदिने तर गाह्रो प्रश्नको उत्तर दिने गर्छन्, झुटो बोलेको जस्तो गर्छन् ।

त्यसो त बिरामीले जानीजानी यस्तो गरेका हुँदैनन् । बिरामीलाई किन यस्तो गरेको छ भन्ने थाहा नै हुँदैन । बिरामीले नियन्त्रण गर्दा पनि यस्तो लक्षण रोक्न सक्दैन । बोक्सी लागेको हो भन्दै बिरामीलाई कुट्ने, आगोले पोल्ने पुरानो अन्धविश्वासले गर्दा कति मानिसको अकालमा नै ज्यान गएको पाइएको छ । मनमा रहेको तनाव विचलन हुन गएकोले जसलाई डिसोसिएटिभ डिसअर्डर पनि भनिएको हो । बेहोसी मस्तिष्क वा भित्री मनमा रहेको अन्तरद्वन्द घटाउन गरिएको उपायको रुपमा यो रोगको लक्षणलाई लिइन्छ । जसको अझै अध्ययन गर्न बाँकी नै छ । यस्तो बिरामीको बारेमा पुरानो गलत धारणा पनि छ । पहिलो यो रोगलाई हिस्टेरिया भनिन्थ्यो । यो रोग यौन समस्याको कारणले हुन्छ पनि भनिन्थ्यो । महिलामा मात्र हुने यो रोग विवाह गरेपछि ठिक हुन्छ भन्ने धारणा थियो तर धेरै अनुसन्धानपछि यो रोग विभिन्न कारणले हुन्छ भन्ने प्रमाणित भएको छ । मनको आन्तरिक अन्तरद्वन्द यो रोगको कारण भनिन्छ । महिलामा मात्र होइन, पुरुषमा पनि यो रोग पाइन्छ । बेहोसी मस्तिष्कमा हुने कुनै पनि तनावले गर्दा यो रोग लाग्छ भन्ने प्रमाणित भएको छ ।

तनाव शारीरिक लक्षणमा परिणत हुने भएकोले यसलाई कन्भर्सन डिसअर्डर भनिएको हो । यो रोग मनमा धेरै कुरा राख्ने र मनको कुरा अरुलाई नभन्ने मानिसमा बढी पाइन्छ । प्रेसर कुकरमा तापले हावा भरिएझैं मनमा तनाव भरिइरहँदा, प्रेसर कुकरको अचानक बजेझैं अचानक बिरामी विभिन्न लक्षण देखाउँछ । यो रोग तत्कालीन तनाव बाहेक धेरै वर्षअघिको तनावले पनि ल्याउन सक्छ । नेपालमा यो रोगका बिरामी धेरै छन् । सामाजिक रीतिरिवाज, धार्मीक विश्वास र संस्कृति अनुसार यो रोगको लक्षण फरक पर्न सक्छ । नेपालमा डिप्रेसन रोगका बिरामी पनि यो लक्षण लिई आउँछन् तर डिप्रेसन रोगका बिरामीमा यो बाहेक अन्य लक्षण पनि पाइन्छन् । जब मानिस यो रोगबारे बढी ध्यान दिन्छन् तब यो रोग बढ्छ । कतिपय बिरामी छारे रोगका लक्षण देखाई आउँछन् जुन मानिसको उपस्थितिमा मात्र हुन्छ । छारे रोग र कन्भर्सन डिसअर्डर लाई छुट्याउने तरिका यस प्रकार छन्:

**छारे रोग**

- मानिसको उपस्थितिमा मात्र हुँदैन, जति बेला पनि हुनसक्छ ।
- बिरामी अचानक ढल्छ ।
- चोटपटक लाग्न सक्छ र जिब्रो टोकिन सक्छ
- मुखमा फिँज आउँछ ।
- प्राय: आँखा हल्लिन्छन् ।
- निद्रामा पनि देखिन्छ ।
- प्राय: स्ट्रेस फ्याक्टर हुँदैन ।

**कन्भर्सन डिसोसिएटिभ डिसअर्डर**

- मानिसको उपस्थितिमा मात्र हुन्छ ।
- बिरामी आफूलाई अप्ठ्यारो भयो भनी अरुलाई बोलाउँछ ।
- प्राय: चोटपटक लाग्दैन ।
- मुखमा फिँज आउँदैन ।
- प्राय: आँखा हल्लिदैनन् । आँखा खोल्न, बन्द गर्ने हुनसक्छ ।
- निद्रामा कहिल्यै देखिँदैन बरु ओछ्यानमा पल्टेर सोचेको बेलामा हुनसक्छ ।
- प्राय: स्ट्रेस फ्याक्टर हुन्छ ।

यस्ता रोगका बिरामीको उपचार पनि चुनौतीपूर्ण नै हुन्छ । बिरामीको लक्षणलाई ध्यान दिइरहँदा अझै बढ्न जान्छ । श्वास बढेको बिरामी अघि गई आत्तिएको खन्डमा अझै बढी रुपमा रोग देखिन्छ । बिरामीअन्य कुरा गरी दिमाग अन्य कुरामा मोड्नुपर्छ । बिरामीलाई मनका कुरा खुला रुपमा भन्न प्रोत्साहन गर्नुपर्छ । बिरामीले रोगको सिकायत गर्छ, जसलाई ध्यान दिनु हुँदैन र निरुत्साहित गर्नुपर्छ । बिरामीसँग सकेसम्म थोरै मानिस बस्नुपर्छ । बिरामीलाई तत्काल अस्पताल लगी उपाचार गराउनुपर्छ । तर बिरामीलाई अन्य बिरामी अगाडि लामो समयसम्म राख्नु हुँदैन । छुट्टै कोठामा राख्नु राम्रो हुन्छ । यसरी बिरामीको लक्षणलाई बेवास्ता गर्दा रोग निको हुन सहयोग गर्छ । मनमा अन्तरद्वन्द कम गर्ने औषधिको प्रयोगबाट रोग निको हुन्छ ।

**कन्भर्सन डिसअर्डरबारे जान्नैपर्ने कुरा**

यस्ता बिरामीलाई कहिलेकाहीं अचानक श्वास फेर्न गाह्रो हुने, कहिले पूरै निको हुने र कहिले अत्यधिक बढ्ने हुन्छ ।

- बिरामीसँग धेरै मानिसको भीड हुनु हुँदैन । जसबाट रोग बढ्न पाउँदैन ।
- कति बिरामीमा यो समस्या बारम्बार दोहोरिन सक्छ । तर आत्तिनु हुँदैन । २-३ हप्तामा यो समस्या विस्तार विस्तार निको हुन्छ ।
- बिरामीको लक्षणलाई वास्ता गर्नु हुँदैन, वास्ता गरे यो रोग झन् बढ्न सक्छ ।
- मनभित्र पीडादायी वस्तु बस्दा यस्तो हुन्छ जुन बिरामीलाई थाहा नै हुँदैन ।
- कतिपय बिरामीलाई बोक्सीको आरोपमा कुटिन्छ जुन सतप्रतिशत गलत हो ।

*(डा सेडाईं नशा तथा मनोरोग विशेषज्ञ हुन् ।)*

## काँग्रेसमा....

विभागहरु खोल्नु थियो भने पनि समयमै हुनु पर्थ्यो जसले पार्टीमा कार्यकर्ताहरुलाई काम गर्ने नयाँ हौसला हुन सक्थ्यो । त्यो हुन नसकेको आम गुनासो राजनीतिक बजारमा ब्याप्त हुँदैछ ।

अर्कोतर्फ अहिले विश्व नै कोरोना कहरले आक्रान्त छ । एक ठाउँबाट अर्को ठाउँमा जान सक्ने स्थिति छैन । देशको सबैभन्दा जेष्ठ पार्टी भएकोले पनि काँग्रेसको सम्बन्ध अन्तर्राष्ट्रिय संघ, संगठन र देशहरुसँग छ नै । महाधिवेशन जस्तो पार्टीको पर्वमा विदेशी पाउनाहरुलाई आमन्त्रण गर्नुपर्ने चलन छ तर यस विषम् परिस्थितिमा कसरी विदेशी पाहुनाहहरु सहभागी हुन सक्लान त ? विदेशमा बसेका आफ्नै कार्यकर्ताहरु पनि उपस्थित हुन कठिन अवस्था छ ।

यसै परिवेशमा पार्टी भित्र महाधिवेशन सार्नुपर्ने माग एक थरिको छ भने स्वयम् सभापतिलाई समयमै महाधिवेशन गराउन नसकेको भन्ने कलंक लाग्ला कि भन्ने डर पनि पक्कै हुनु पर्छ ।

पार्टी अहिले तीनधारले अघि बढेको देखिन्छ । एउटा धारको नेतृत्व स्वयम् सभापति शेरबहादुर देउवाले, अर्को धारको नेतृत्व वरिष्ठ नेता राम चन्द्र पौडेल र तेश्रो धारको नेतृत्व कृष्णप्रसाद सिटौला ले । यी तीनमध्ये अलि मज़बुत सभापतिकै देखिन्छ किनकि चार चार पटक प्रधानमन्त्री अनि दुई दुई पटक पार्टी सभापति भएर नेतृत्व सम्हालेको कारणले पनि उनीसँग धेरै नेता कार्यकर्ताहरुको सामीप्यता हुनु अनौठो होइन । हालसालै उनकै पक्षबाट उपसभापति समेत रहेका बफादार भनेर चिनिएका र तराईको खास क्षेत्रमा राम्रो प्रभाव राख्ने अनुयायी मानिने विमलेन्द्र निधिले देउवालाई आउने चुनावमा सहयोग नगर्ने र आफैं उठ्ने सार्वजनिक गर्नुले पनि देउवालाई असहज अवश्यै पारेको हुन सक्छ तर केहि राजनीतिक पण्डितहरु भने देउवाकै मिलोमतोमा निधिले पाशा फालेका हुन् र भोलि बार्गेनिङ हुँदा उनैलाई मार्ग प्रशस्त गर्ने छन् भन्ने तर्क राख्दै छन् । बीचको धारमा कोइराला परिवारका विश्वासपात्रका रुपमा समेत चिनिएका रामचन्द्र पौडेल छन् । उनको आफ्नै मात्र हैसियतले सभापति हुने स्थिति नभएको कुरा स्वयम् उनकै नजिकका मान्छेहरुले भन्दै आएका छन् । कोइराला परिवारबाट खुलेरै शेखर र शशांक उठ्ने चर्चाले पनि रामचन्द्रलाई भोलिका दिनमा अझै मुस्किल हुने देखिन्छ । उनकै क्षेत्रका कार्यकर्ताहरुमा उनीप्रति ब्यापक असन्तुष्टि भएको कुरा जगजाहेर नै छ ।

उता, धेरैभन्दा धेरै कार्यकर्ताहरुले कोइराला परिवारबाटै पार्टीको नेतृत्व लिनुपर्ने भन्ने खालको तीब्र इच्छा प्रकट गर्दै आएका छन् । यदि कोइराला बन्धुहरुमा आपसी समझदारी हुन सकेमा स्वतः पौडेलले छोड्ने छन् र कोइराला बलियो दाबेदारीमा हुने छन् । शशांक, सुजाता र शेखरको बीचमा समझदारी हुन सकेमा मात्र देउवा धारसँग प्रतिस्पर्धामा जान बल मिल्ने छ । अब आयो तेश्रो धार, यसमा सिटौलाको पनि स्थिति एक्लै उठेर जित्ने देखिँदैन र उही बार्गेनिङमा जानको लागि हो भन्ने प्रष्टै छ । राजनीति सधैं संभावनाको खेल भएकोले भोलि के हुन्छ यसै भन्न सकिने स्थिति रहँदैन । यस धारको बलियो खम्बाको रुपमा रहेका युवा नेता गगनकुमार थापाले पनि जित्ने नदेखेपछि सधैं च्याँखे थापेर जाँदा झन आफ्नै छवि खराब हुने पक्कै बुझेको हुनु पर्छ ।

आउने महाधिवेशनमा चुनाव भयो भने पहिले जस्तै दुई खेमाकै हुने देखिन्छ तर यसै बीचमा एक थरीले पावर बार्गेनिङ गरेर मिलाउने र चुनाव गर्न नहुने भन्नेतिर लागेको पनि गाइँगुइँ हुँदै छ । यदि यसलाई मान्ने हो भने देउवा पुनः सभापति, रामचन्द्र पौडेल राष्ट्रपति र कोइरालामध्येबाट उच्च पदमा राख्ने । यस सोचले त्यति काम गर्ला भन्नेमा विश्वास कमैको छ । हालसालै विभिन्न समाचार, अन्तर्वार्ता र सामाजिक संजालहरुको विश्लेषण गर्दा के देखिन्छ भने पार्टीका बढि भन्दा बढि कार्यकर्ताहरु नेतृत्व परिवर्तनको पक्षमा छन् । हालै एक प्रखर केन्द्रीय युवा नेताले त खुलेरै अब देउवा र पौडेलहरुले नयाँ युगको लागि मार्ग प्रशस्त गर्नु पर्छ हैन भने विद्रोह समेत हुन सक्नेसम्मको भविष्यवाणी गरे । युवाहरुको जुन १२ जनाको कुरा छ त्यसमध्ये धेरै अहिले पनि माथिकै नेताहरुको दरबारमा धाउने र आफूले केहि गर्न नसक्ने बरु पावर बार्गेनिङको लागि बखेड़ा गर्ने मात्रैको हो भन्ने जमात पनि कम छैन । यदि यसलाई सत्यताको सन्निकट मान्ने हो भने युवाबाट को त ? गगन, चन्द्र, प्रदीप, गुरु, धनराज, विश्व ..... ? अहिले नै यी माथिका युवा नेताहरुलाई बहुमत कार्यकर्ताहरुले पूरै विश्वासका साथ स्वीकार्न गाह्रै छ । बरु यिनीहरुले आफूलाई अर्को महाधिवेशनमा शिखर नेतृत्वमा पुग्ने मार्ग कोर्ने हो भने बिना संकोच शेखर र शशांकमध्येबाट एकलाई लिनु उपयुक्त हुन्छ तर नेत्तृत्वमा पुग्न खोज्नेले के पनि ख्याल राख्नु पर्छ भने आचरण, रहन सहन र व्यवहार बिल्कुलै विवादरहित हुन आवश्यक छ । नेतामा हुने आचरणले कार्यकर्तामा सिधै असर पर्ने कुराको ज्ञान हुनै पर्छ । नेताहरुको सादगी जीवन भएमा कार्यकर्ताहरुले पनि त्यसैको सिको गर्दछन् ।

यसैबीचमा विभिन्न अध्ययनले के देखाएको छ भने शशांकभन्दा शेखर कोइराला बलियो उम्मेद्वार हुन सक्ने छन् । शेखरलाई धेरै भन्दा धेरै कार्यकर्ता र नेताहरुले स्वीकार्ने कुरामा उनमा भएको विद्वता एवम् सादगीपनले पनि ठूलो साथ दिने कुरामा दुई मत नहोला । यसको लागि ठूलै कसरत र प्रतिबद्धताको जरुरी हुने छ ।

पार्टी भित्र झ्याँगिदै गएको गुट उपगुटलाई समाप्त पारेर एक मजबुत काँग्रेस पार्टी होस् भन्ने चाहना राख्ने आम कार्यकर्ताहरुको तीब्र इच्छा पनि यहि हो । देशको पुरानो पार्टी भित्र हुने कुनै पनि कुराले देशको राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रमा प्रभाव पार्ने कुरा नकार्न सकिँदैन । यदि काँग्रेस बलियो भयो भने देश नै बलियो हुने कुरामा दुई मत नहोला । अहिले पनि यस पार्टीमा लाखौं लाख कार्यकर्ताहरु पार्टीको लागि बलिदान दिन तयार छन् । देश निर्माणको महान यज्ञमा यिनै राष्ट्रवादी युवाहरुको योगदान रहन्छ । कार्यकर्ताहरु पार्टीको संपत्ति हुन् भने नेताहरु यसका संरक्षक । हिजो पार्टीलाई बाहिरबाट संचालित छ भनेर आरोप लगाउने विपक्षीहरुले अहिले आएर काँग्रेसलाई राम्ररी बुझिसकेका छन् । त्यो आरोपबाट काँग्रेस मुक्त भैसकेको अवस्था छ । अहिलेको दुई तिहाई भनेको ओली सरकारले जनताको अपेक्षा अनुसार काम गर्न नसकिरहेको अवस्थामा यदि यस महाधिवेशनमा काँग्रेस एक ढिक्का भएर जान सकेमा सजिलै चुनाव जित्न सक्ने देखिन्छ । यसको लागि आउने महाधिवेशनले पूरै विवादरहित नयाँ जोस जाँगरले भरिएका युवाहरु संलग्न समावेशी टिमको चयन गर्नु पर्ने छ । हैन पदको लागि उनै बारबार कार्यकर्ता र जनताबाट लगभग बहिष्कृत भएका नेताहरुकै हातमा पार्टी नेतृत्व जाने हो भने भोलिका दिनमा पार्टीले त ठूलो दुर्घटना बेहोर्नु पर्ने छ नै देशले समेत ठूलो क्षती खेप्नु पर्ने हुन्छ ।

अब समय छँदै वरिष्ठ भनेका नेता गणहरुले नयाँ पुस्तालाई पार्टीको बागडोर हस्तान्तरण गर्न सक्नु पर्छ । नयाँ पुस्तामा देखिएका नेताहरुमा आपसी समझदारी क़ायम हुन नितान्त आवश्यक छ । नेतृत्वको बागडोर कसले लिने र भावि कार्यक्रम के कस्ता हुने भन्ने विषयमा गहन छलफल हुनु जरुरी छ । युवा नेताहरु उनै जेष्ठ नेताहरुकै वरिपरि घुमिरहने र निर्णय लिन नसक्ने हो भने पुनः नेतृत्वमा नचाहेर पनि पुरानै अनुहारहरु आउने छन् । यसले काँग्रेसको भविष्यको लागि फलदायी नहुन सक्छ । नेताकै कुरा गर्दा देउवालाई पार्टीले धेरै दियो । चार चार पटक देशको प्रधानमन्त्री र दुई पटक सभापति बनायो । पौडेललाई पनि पार्टीले धेरै दियो । अब पार्टीलाई दिने पालो उहाँहरुको हो । देउवालाई लाग्ने आरोप 'सधैं एउटा पक्षलाई मात्र बोकेर हिंड्छ' भन्नेबाट मुक्त हुने र पौडेललाई लाग्ने आरोप 'सधैं पद भनेपछि मरिहत्ने गर्ने र परेवाको जत्रो छाति भएको' भन्ने आरोपबाट मुक्ति पाउनको लागि पनि आउने महाधिवेशन उहाँहरुको लागि मोक्षमोचक बनोस् । यदि यस पटक चुकेर पुनः पदकै लागि मरिमेट्नु भयो भने उहाँहरुलाई इतिहासमा कहिल्यै नमेटिने कलंक लाग्ने छ । नयाँ सोच, नयाँ विचार र नयाँ जाँगरले भरिएको काँग्रेसको खाँचो छ । अर्कोतर्फ हिजो आज धेरै कार्यकर्ताहरुले पार्टीले बी.पी.वाद पूरै छाडेर कम्युनिष्टहरुको लहडमा संघीयताको मुद्दामा पार्टीभित्र बिना छलफल नै कुदेको र यसले पनि पार्टीलाई ठूलो नोक्सान भएको भन्नेहरुको संख्या धेरै नै भएको यथार्थतालाई नजर अन्दाज गरेर जान सकिने छैन । संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्था र हिन्दु धर्मको महत्वलाई पूरै किनारा लगाएर बिना जनमत संग्रह निर्णय गर्नुले पनि काँग्रेसलाई ठूलो क्षति पुगेको भन्ने भनाई आम कार्यकर्ताको छ । यी विवादित मुद्दाहरुको किनारा लगाउन पनि आउने महाधिवेशनमा युवाहरुले प्रस्तावहरु टेबल गर्नुपर्छ । ब्यापक छलफल र परामर्शका साथ यी मुद्दाहरुको छिनोफानो गर्न एउटा समिति नै बनाएर जानु पर्छ । यी मुद्दाहरुको टुंगो लागेमा मात्रै पार्टीको साख जनता माझ बलियो रहने छ । यदि यसो हुन सकेमा काँगेसको मात्र हैन देशको समेत भलो हुने छ । यदि यस पटक हामी कथम् कदाचित चुक्यौं भने भावि पुस्ताले धिक्कार्ने छ । शहिदहरुले सराप्ने छन् ।

काँग्रेसले आउने महाधिवेशनमा उदाहरण प्रस्तुत गर्न सक्यो भने यसको प्रभाव अन्य पार्टीहरुमा समेत पर्ने छ । आउने महाधिवेशन काँग्रेसको लागि कोशे ढुंगा साबित हुन सकोस् । ( बेलायतमा बसेर पनि काँग्रेसको शुभचिन्तकको रुपमा कंडेल कलम चलाउँदै आएका छन्)

## मोदीलाई....

अगाडि बढ्ने कदमलाई निरन्तरता दिने पनि ट्वीट गरेका छन् ।

सन् २०१४ मा पहिलो पटक भारतीय प्रधानमन्त्री भएका मोदी गत वर्षदेखि उनले दोस्रो कार्यकाल सम्हालिरहेका छन् ।

## अख्तियार....

प्रयोग गर्न सक्ने खतरा भने माधवकुमार नेपाल र पुष्पकमल दाहालले देखेका छन् ।

मुख्यसचिव लोकदर्शन रेग्मी, नेपाल प्रहरीका पूर्वमहानिरीक्षक सर्वेन्द्र खनाल, पूर्वसचिव रामकुमार आचार्य, पूर्वगृहसचिव सूर्य सिलवाल, पूर्वकानूनसचिव राजीव गौतमलगायत जुनसुकै दलको फेरो समाएर भए पनि आयुक्त बन्नका लागि मरिहत्ते गरिरहेको बताइएको छ । यसैगरी काँग्रेसको कोटाबाट पूर्वएआइजी जयबहादुर चन्द, राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख दिलीप रेग्मी र पूर्व सह-सचिव गणेश कार्कीको नाम चर्चामा छ ।

## डिआइजीमा....

यसैगरी श्यामलाल ज्ञवाली, डा.देवबहादुर बोहरा, दिवेश लाहेनी, मुकुन्द आचार्य, सुशील यादव, पूजा सिंह, नरबहादुर खत्री, मोहन आचार्य, नलप्रसाद उपाध्याय, बिक्रम चन्द, मसाउद आलम खाँ पनि बढुवाका लागि गोडा उचालेर बसेको अवस्था छ । यसअघि घटाइएको डिआईजीको दरबन्दीमा फेरि बढोत्तरी गर्ने तयारीमा सरकार जुटेको हो ।

## काँग्रेस प्रशिक्षणमा.....

प्रष्ठिानका प्रमुख विमलेन्द्र निधिले पानसमा वत्ती बालेर कार्यक्रमको उद्घाटन गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । निधिले नेपाली काँग्रेसको आदर्श र सिद्धान्तको आधार राष्ट्रियता, लोकतन्त्र र समाजवादमा केन्द्रित रही परिवर्तन र संविधान निर्माणको नेतृत्व नेपाली काँग्रेसले नै गरेको हुनाले परिवर्तनबाट प्राप्त गणतन्त्र, संघीयता, समावेशीता, समानुपातिक निर्वाचन प्रणाली र धर्मनिरपेक्षता जस्ता उपलब्धिहरूको स्वामित्व काँग्रेसले नै लिनुपर्ने बताएका पनि उल्लेख गरिएको छ । कार्यक्रममा गोपालकुमार बस्नेत र सुधीरकुमार शिवाकोटी, फरमुल्लाह मंसुर, सुरेन्द्रप्रसाद चौधरी, सप्तरीका सभापति दिनेश यादव, जितेन्द्र देवको उपस्थिति रहेको बताइएको छ ।

पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य भीष्मराज आङ्दम्वे, प्रवक्ता विश्वप्रकाश शर्मा, केशवकुमार बुढाथोकी, सरिता प्रसाइँ, पूर्वमन्त्री केशव थापा, झापाका उप-सभापति राम कट्टेलले मन्तव्य राखेका थिए । यसैगरी पाँचथरका उप-सभापति मित्र काफ्ले, कान्ता रिजाल, अजय चौरसिया, राधेचन्द्र यादव, श्रीकृष्णदेव यादव, शान्ति कार्की, देवेन्द्र नेपाली, पर्सा जिल्ला सभापति अजयकुमार द्विवेदी, पूर्व सांसद अनिल रुंगटा, जयकिरण, शम्भुहजारा पासवान् र मधु शाहीले पनि मन्तव्य प्रकट गरेका विज्ञप्तीमा जनाइएको छ ।

## डलर....

तीन जना अपरिचित व्यक्तिहरू फरार भएको भनी प्रहरी जानकारी दिएको छ ।

उनीहरुको खोजी कार्य भैरहेको तथा थप अनुसन्धान पनि जारी रहेको प्रहरीले जनाएको छ । अपरिचितले बोलाएकै भरमा ती ठगिएका भनिएका व्यक्ति त्यहाँ डलर साट्न भनी किन आए भनी उनलाई पनि शंकाको घेरामा राखी खोजी अनुसन्धानलाई प्रहरीले अघि बढाएको बताइएको छ ।

## जाजरकोट....

कुरा गरेर व्यवहारमा अवसरवादी र कमाउ धन्दा चलाएको भन्दै उनीहरु काँग्रेसमा प्रवेश गरेका हुन् । वडा सदस्यमा निर्वाचित बस्नेत पूर्वएमालेबाट निर्वाचित भएका व्यक्ति हुन् । बाटो निर्माणमा सत्तारुढ दलका प्रतिनिधिहरुले असहयोग गरेका कारण उनीहरु रुष्ट भएका थिए । बस्नेतले पहल गर्दा पनि उनको सुनुवाइ नभएपछि उनी आक्रोशित बनेका थिए । यसरी असन्तुष्ट बनेका स्थानीयले कृषिजन्य उपज सदरमुकाम लैजान सहज हुनेगरी बाटो मर्मत गरिदिए नेकपा छोडेर काँग्रेस प्रवेश गर्ने प्रस्ताव गरेपछि नेपाल तरुण दल भेरी नगरपालिकाका अध्यक्ष दलबहादुर रानाको पहलमा उक्त प्रस्ताव स्वीकार गरेर काँग्रेसले एउटा डोजर ( स्काइभेटर) पठाएर करीब दुई किलोमिटर बाटो मर्मत गरि दिएको छ ।

## कक्षा....

सरकारले विद्यार्थी सिकाई सहजीकरण निर्देशका-२०७७ जारी गरिसकेको जानकारी गराउँदै बोर्डका एक पदाधिकारीले यसै ढाँचालाई मन्त्रालयले मान्ने संभावना प्रबल रहेको जानकारी गराए ।

अनलाइनबाट परीक्षा हुँदा विद्यार्थीले आफू रहेको स्थानबाट निश्चित समयमा उत्तर तयार गर्नुपर्ने भए पनि पाठ्यसामग्री र स्रोतको उपयोग गर्न पाउने भएकाले यो एक प्रकारले खुला परीक्षा हुने बताइएको छ ।

कोरोना महामारी वा अन्य कारणले अन्य जिल्लामा बसाइँसराइ भएको भए सात दिनभित्र विद्यार्थीलाई त्यसको विवरण उपलब्ध गराउन आग्रह पनि गरिएको छ ।

माध्यमिक शिक्षा परीक्षा (एसइई) कक्षा १० को परीक्षा सरकारकै निर्णयका आधारमा विद्यालयबाट आन्तरिक मूल्याङ्कन गराई बोर्डले प्रमाणीकरण गरिसकेको तथा कक्षा ११ को पनि सोही प्रक्रियाबाट प्रमाणीकरण हुने तय भइसकेको छ ।

## अनलाइन....

अध्यक्ष चिरञ्जीवी ढकाल, अखिल छैठौंका अध्यक्ष विमल पोखरेलको सहभागिता रहेको थियो । यसैगरी अखिल क्रान्तिकारीका हरिकृष्ण गजुरेल, अखिल क्रान्तिकारीका आलोक रायमाझी, अखिल पाँचौंका अध्यक्ष घनश्याम मिश्र, राष्ट्रवादी विद्यार्थी संघका अध्यक्ष हिमाल थापा पनि बैठकमा सहभागी रहेको बताइएको छ । यस्तै राष्ट्रिय विद्यार्थी संघका महासचिव रञ्जीत निष्पक्ष, अनेवियुका सचिवालय सदस्य मनीष भट्टराई, राप्रविसंघ (संयुक्त) का अध्यक्ष धनसुर शाही, राप्रविसंघका अध्यक्ष महेशबहादुर सिंह र समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रुपनारायण श्रेष्ठको पनि बैठकमा उपस्थिति थियो । उनीहरुले विद्यार्थीको समस्याका अतिरिक्त मूल्यवृद्धि तथा सार्वजनिक यातायातको भाडामा भएको वृद्धिको पनि विरोध गरेका छन् ।

## नेटवर्किङ....

भैरहेको छ । त्यसैले पनि यसलाई पहिलेकै नेटवर्किङ बिजनेस भनेर ब्यापक आलोचना भएपछि समितिले गत साउन १५ गते पाँच सदस्यीय 'नेटवर्किङ व्यवसाय अध्ययन उपसमिति' गठन गरी छलफल थालेको अवस्था हो । उपसमितिले मूल समितिलाई प्रतिवेदन बुझाइसकेको बताइएको छ ।

सांसद सोमप्रसाद पाण्डेको नेतृत्वको उपसमितिले ऐनको कमजोरी सच्याएर पिरामिड शैलीको नेटवर्किङ व्यवसाय गर्न नदिने गरी कदम चाल्न सिफारिस गरेको जानकारी समाचार स्रोतले दिँदै त्यसको छिनोफानो गर्ने जिम्मा भने समितिलाई दिएको छ । समितिले छलफल गरी उपभोक्तालाई अबका दिनमा झुक्यानमा पर्न नदिने गरी कानूनी व्यवस्था गरिदिएका खण्डमा सहज हुने बझाइमा उपभोक्ता रहेका छन् ।

## वामदेव.....

नेकपाका शीर्ष नेताहरु ताली पड्काउने कार्यमा थिए ।

गौतमका अगाडि मुख्य रुपमा नैतिकताको प्रश्न उठेको छ । संघीय निर्वाचनमा प्रत्यक्ष रुपमा उठी पराजित भैसकेको मानिसले जनमतको कदर गरी अर्को निर्वाचनसम्म पर्खिनुपर्नेमा त्यस्तो गर्न नसक्दा गौतमको राजनीतिक इतिहासमा यसले कालो दाग लगाउने कार्य गरिदिएको छ । पदका लागि गौतम यति हदसम्म गिर्न सक्छन् भनी उनमाथि भोलिका दिनमा औंला ठडिने अवस्था आएको छ । करिब अढाइ बर्षमात्र निर्वाचन आउनका लागि समय बाँकी रहेको अवस्थामा निर्वाचन हारेको व्यक्तिले संसद्‌को लोगो ढल्काउँदै हिंड्न लाज लाग्नुपर्नेमा गौतमजस्तो नेकपाको उपाध्यक्षमा बहाल व्यक्तिले पदका लागि नैतिकता बेच्नुलाई कदापी राम्रो मान्न नसकिने भन्ने पक्षमा जनमत देखिएको छ । गौतमको बहालीलाई लिएर सामाजिक सञ्जालहरुमा समेत चर्को आलोचना भैरहेको छ । जनताको निर्णय नै सर्वोपरी हुने मान्यता लोकतान्त्रिक व्यवस्थाको हो । यस्तो व्यवस्थामा जनताले दिएको मतलाई कदर गर्ने परम्परा छ तर नेपालमा भने नेताहरुले आफू अनुकुलको व्यवस्था बनाई जनमतलाई धोती लगाउने कार्य हँदै आएको स्थिति देखिएको छ ।

यसअघि नेकपाकै नेता एवम् प्रवक्ता नारायणकाजी श्रेष्ठलाई राष्ट्रियसभाको सदस्यमा चयन गर्ने कार्य गरिएको बेलामा पनि त्यसको चर्को विरोध भएको थियो । उनी बाबुराम भट्टराईसँग गोरखामा प्रत्यक्षतर्फ पराजित थिए । उनलाई राष्ट्रियसभामा नलाँदा केही नबिग्रने अवस्थामा पनि नेकपा भित्रको विवादका कारण जनमतलाई धोती लगाउँदै राष्ट्रियसभामा लाने कार्य भएको थियो । त्यो बेला गरिएको गल्तीबाट पाठ सिकी सुधार गर्नुको साटो झनै बिगार्दै जाने कार्यमा सत्तारुढ दल तथा प्रधानमन्त्रीको कार्यशैली देखिएको भनी चर्को आलोचना हुन थालेको छ । सरकारले यस्तो कार्यमा दलले दिएको दबाबलाई खेपेर भए पनि जनमुखी निर्णयमा लागेको भए ओलीको अडान केही मात्रामा भए पनि रहने अवस्थामा गौतमलाई नियुक्तिको सिफारिस गर्न बाध्य भएको भनी ओली पनि निरिह बनेको भनी टिप्पणी भैरहेको छ ।

त्यसो त नेकपाको सवालमा हेर्ने हो भने यस्ता पराजित अनुहारहरुलाई जनमत विपरित बोक्दै लाने तथा धज्जी उडाउने कार्यहरु हुँदै आएका हुन् । नारायणकाजीभन्दा पनि अघि संविधानसभाको निर्वाचनमा दुई ठाउँबाट प्रत्यक्ष चुनाव हारेका माधवकुमार नेपाललाई प्रधानमन्त्री नै बनाउने कार्य समेत भएको थियो । त्यो बेला संविधानमा भएको छिद्रको प्रयोग गरी उनलाई प्रधानमन्त्रीमा विराजमान गराउने कार्य गरी विश्वकै सामू लज्जित पार्ने कार्य भएको थियो । पदका लागि नेताहरु जति पनि गिर्न सक्छन् र कुनै व्यक्तिको लागि दलहरुले जनमतलाई लत्याउन समेत सक्छन् भन्ने उदाहरण नेपाल बन्दै आएको छ ।

गौतमले राष्ट्रियसभामा आफ्नो प्रवेशलाई सांसदको रुपमा मात्र सीमित गर्न नचाहेको अवस्था छ । उनले आफूलाई यही माध्यमबाट सके प्रधानमन्त्री नै नसके उपप्रधानमन्त्री बनाउने इच्छा राखेका उनी निकटको स्रोतले दाबी गर्दै आएको छ । गौतमले आफूलाई राष्ट्रियसभामा लगी संविधान नै संशोधन गरी राष्ट्रियसभाको सदस्य पनि प्रधानमन्त्री बन्न पाउने व्यवस्था मिलाउन यसअघि नै दबाब दिँदै आएका थिए । आफ्नै गोडामा बन्चरो हान्ने अवस्था देखेका प्रधानमन्त्री ओलीले त्यसको विकल्पमा प्रत्यक्ष चुनावमा लडाउने भनी गौतमलाई थुम्थुम्याउँदै आए पनि पछिल्लो समयमा गौतमले राष्ट्रियसभामा गई उपप्रधान तथा अर्थमन्त्री बन्ने सपना देखेका छन् ।

गौतमको नियुक्ति तथा सिफारिसलाई लिएर विवादमा परेका प्रधानमन्त्री ओलीले भने बुधबार नै गौतम र नारायणकाजीलाई कुनै पनि हालतमा मन्त्रिपरिषदमा सामेल नगर्ने भने पनि भोलिका दिनमा दलले फेरि पनि दबाब दिएका खण्डमा उनको अडान कायम रहने भन्ने कुरामा शंका नै रहेको बताइन्छ । ओलीले आफ्नो विकल्पको रुपमा आउन चाहेका गौतमलाई प्रधानमन्त्री त मन्त्री नै बन्न नदिएर रोक्न सकेको खण्डमा मात्र आफू सुरक्षित हुने ठानेर रोक्ने प्रयास भने गर्ने बताइएको छ । गौतमलाई मन्त्री बनाउनासाथ उनको मनोबल बढी उनले प्रधानमन्त्रीको आशा गर्न थाल्ने भन्दै ओलीले गौतमलाई पाखामा राख्ने प्रयास भने गर्ने देखिन्छ । कम्तिमा यत्ति भएमा पनि जनमतको अलिकतिमात्र भए पनि लाज रहन सक्ने अवस्था रहने देखिन्छ ।


निर्माण कार्यका लागि तयार छौं

काठमाडौं उपत्यका तथा काभ्रेपलाञ्चोक जिल्लामा कुनै पनि किसिमका निर्माण कार्य गर्नुपरेमा हामी सेवाका लागि हाजिर छौं ।

सानातिना निर्माण, मर्मतदेखि हाउजिंग, पुल, बाटो, निजी घरहरुको निर्माणका लागि हामी तपाईको सही छनौटमा पर्ने विश्वासमा छौं ।

जलपरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

काठमाडौं-१०, गौशाला


Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .